# अध्यक्ष श्री दान बहादुर गुरुङ ज्यूबाट

## इच्छाकामना गाउँपालिकाको १५ औं गाउँसभामा प्रस्तुत

## आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

**इच्छाकामना गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**कुरिनटार, चितवन, बागमति प्रदेश**

२०८१/०३/०६

"सुखी खुशी समृद्ध इच्छाकामना, कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहना"

**सम्मानित सभाका सदस्यज्यूहरु**

**प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरु**

देशमा गणतन्त्र एवं लोकतान्त्रिक सङ्घीय शासन व्यवस्था स्थापनाका लागि बलिदानपूर्ण आन्दोलनहरुमा सहादत प्राप्त गर्नु हुने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। आन्दोलनमा घाइते भएका/अपाङ्ग हुनुहुने एवं आन्दोलनलाई दिशानिर्देश गर्नुहुने आदरणीय शहीदहरु, नेता एवं समस्त नेपाली जनता प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

- नेपाली जनताको बलिदानपूर्ण विभिन्न चरणका आन्दोलनहरुबाट प्राप्त वर्तमान सङ्घीय शासन व्यवस्थाको आधार स्तम्भको रुपमा रहेको जनताको सबैभन्दा नजिक रहेको स्थानीय सरकारसँग जनतामा अपेक्षा बढ्दै जानु स्वाभाविक हो। सीमित स्रोत र साधनबाट जनताका बढ्दै गएका आवश्यकताहरु परिपूर्ति गर्नु आफैमा एउटा चुनौतिपूर्ण कार्य हो। तथापि गाउँपालिकाबाट बहुआयामिक र बहुक्षेत्रगत कार्यको संयोजन गरी जनतालाई बढी आश्वासन वितरण गर्ने परम्परालाई तोड्दै वास्तविक र कार्यान्वयनयोग्य नीति तथा कार्यक्रम तर्जुमा गर्न हामी सबै जनप्रतिनिधिहरु र कर्मचारीहरु प्रतिबद्ध रहेको बेहोरा जानकारी गराउँदछु ।
- यस गाउँपालिकाका जनप्रतिनिधिहरुको दोस्रो कार्यकालको नेतृत्वमा जनताले हामीलाई निर्वाचित गरेपछिको दुई आर्थिक वर्षको समाप्तिसँगै विकास निर्माणमा सहयोग गर्नुहुने सङ्घीय सरकार, प्रदेश सरकार, राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी सङ्घ/संस्था, टोल विकास संस्थाहरु तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमासमेत सोही अनुसारको सहयोगको अपेक्षा गरिएको बेहोरा अनुरोध गर्न चाहन्छु।
- "सुखी खुशी समृद्ध इच्छाकामना; कृषि पर्यटन पूर्वाधार विकास हाम्रो चाहना" भन्ने नारालाई आत्मसात् गर्दै समग्र इच्छाकामना गाउँपालिका क्षेत्र भित्रका विकासका कार्यहरुसँगै आम जनताका उच्च अपेक्षाहरुको सम्बोधन गरी अगाडि बढ्न हामी जनप्रतिनिधिहरु र कर्मचारीहरु सदैव तत्परताका साथ लागि पर्ने प्रण गर्न चाहन्छौं।
- विकासको क्रममा पछाडी परेका वर्ग, क्षेत्र र समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर सृजना गर्ने, कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रबर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन क्षेत्रको विकास गर्दै यसबाट प्राप्त लाभ सबै क्षेत्रसम्म समानुपातिक तरिकाबाट पुर्‍याउने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणसहित अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए बमोजिमका कानून निर्माण तथा कार्यान्वयन गर्ने तर्फ यस वर्षका नीति तथा कार्यक्रमहरु लक्षित गरिएको बेहोरा अनुरोध गर्न चाहन्छु।

**सम्मानित सभाका सदस्यज्यूहरु**

अब म गत आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रमको संक्षिप्त उपलब्धि प्रस्तुत गर्न चाहन्छु।

१. इच्छाकामना आधारभूत अस्पतालमा २४ सै घण्टा चिकित्सक र प्रयोगशालासहितको सेवा सुचारु गरिएको छ। उक्त अस्पतालको भवन निर्माणलाई प्राथमिकताका साथ निरन्तरता दिइएको छ।

२. गाउँपालिका भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिमका औषधीहरु निशुल्क उपलब्ध गराइएको छ। साथै विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविरमार्फत विशेषज्ञ सेवा वडा तह सम्म पुऱ्याइएको छ।

३. विपन्न नागरिकहरुको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरी विपन्न नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। अति विपन्न असहाय गर्भवती र दुर्घटनामा परेका नागरिकहरुका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ। अति विपन्न सुत्केरी महिलाहरुलाई पोषण प्याकेजको कार्यक्रम सञ्चालन गरिएको छ।

४. गाउँपालिका क्षेत्र भित्र रहेका विपन्न नागरिक, जेष्ठ नागरिक, बालबालिका र गर्भवती महिलाहरुलाई घर-घरमा पुगि निःशुल्क औषधीसहितको स्वास्थ्य सेवा उपलब्ध गराइएको छ।

५. दीर्घरोगीहरुलाई गाउँपालिका, सङ्घीय सरकार र प्रदेश सरकारबाट उपलब्ध गराइने औषधी उपचारको सेवालाई सहज र सरल तरिकाबाट छिटो र छरितो रुपमा उपलब्ध गराइएको छ। सरकारी अस्पतालमा छिटो उपलब्ध नहुने स्वास्थ्य सेवालाई आम पालिकाबासीको पहुँचभन्दा बाहिर जान नदिन र सहज रुपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन निजी स्वास्थ्य संस्थासँग सम्झौता गरी २५ प्रतिशतसम्म छुट हुने ब्यवस्थालाई सुनिश्चित गरिएको छ।

६. शारीरिक र मानसिक स्वास्थ्यका लागि खेलकुद भन्ने अभियानलाई सफल पार्नको लागि गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता एवं विभिन्न युवा क्लवस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न गरिएको छ।

७. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक एवं भौतिक पूर्वाधार सुधार योजना क्रमशः सञ्चालन गरिँदै लगिएको छ। विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला र ECED कक्षा व्यवस्थापन, विद्यालय करेसाबारी सञ्चालन सहित कार्यसम्पादनमा आधारित अनुदान उपलब्ध गराइएको छ।

८. विद्यालयमा अभाव हुने विषयगत शिक्षकहरुको व्यवस्थापनको लागि गाउँपालिका अनुदान शिक्षक र स्वयंसेवक शिक्षक व्यवस्थापन गरी शैक्षिक क्रियाकलापहरु सञ्चालन गरिएको छ। जसको प्रभाव स्वरुप शैक्षिक उपलब्धिमा सुधार भएको छ।

९. स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउनको लागि स्थानीय पाठ्यक्रम अनुसार पाठ्य सामग्रीको निर्माण अन्तिम चरणमा रहेको छ। आधारभूत तहको अन्तिम परीक्षा गाउँपालिकाबाट सञ्चालन गरी समयमा नै नतिजा प्रकाशन गरिएको छ। अति विपन्न र जेहनदार विद्यार्थीहरुका लागि गाउँपालिका

कार्यालयबाट थप छात्रवृत्ति प्रदान गर्ने कार्य सम्पन्न भएको छ।

१०. करार शिक्षकहरुको छनोट गाउँपालिकाबाट तयार गरिएको कार्यविधि र शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम सहज, गोपनीय र विश्वसनीय तरिकाबाट गाउँपालिका कार्यालयबाट हुने गरेको छ। जसले गर्दा विद्यालयहरुमा समयमा योग्य करार शिक्षकको व्यवस्थापन हुन पुगेको छ र शिक्षक छनोट गर्दा हुने विद्यालयको आर्थिक भारलाई हटाएको छ।

११. गाउँपालिकास्तरीय शैक्षिक पात्रो तयार गरी सोही बमोजिम विद्यालयहरुमा शैक्षिक क्रियाकलापहरु सञ्चालन गरिएकाले विद्यालयको पठनपाठनलाई अनुमानयोग्य बनाइएको छ।

१२. "मेरो पूर्वाधार, मेरो पौरख र मेरो गौरव" भन्ने अवधारणालाई पूर्णता दिइएको छ।

१३. नयाँ बन्ने घर तथा भवनको लागि अनिवार्य रुपमा नक्सा पास हुनुपर्ने व्यवस्था कार्यान्वयन गरिएको छ। पुराना घरहरुको अभिलेखीकरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

१४. नेपाल बिद्युत प्राधिकरणसँगको सहकार्यमा गाउँपालिकाको सबै वडाहरुमा बिद्युत विस्तार गरी पूर्ण बिद्युतीकरण र उज्यालो इच्छाकामना गाउँपालिका घोषणा भएको छ।

१५. बढी उत्पादकत्व भएका कृषियोग्य जमिनमा थप सिञ्चाइ सुविधाको विस्तार भएको छ।

१६. अधुरा रहेका पूर्वाधारहरुको निर्माण सम्पन्न गरी उक्त सम्पन्न संरचनाबाट सेवा प्रवाहलाई सुनिश्चित गरिएको छ।

१७. स्थानीय स्रोत साधन र श्रमको उच्चतम उपयोगसहित प्राथमिकता प्राप्त न्यून लागत छिटो प्रतिफल दिने जनसहभागितामूलक र समावेशीकरणलाई आत्मसात् गर्ने योजनाको निर्माण र सञ्चालनलाई विशेष प्राथमिकता दिइएको छ।

१८. समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरिएको छ। उपभोक्ता समितिको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइएको छ। उपभोक्ता समितिलाई अनिवार्य रुपमा दर्ता गर्ने र योजना सम्पन्न भए पश्चात् निर्मित संरचनाको संरक्षण र सम्भारका लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइएको छ।

१९. सुरक्षित खानेपानीको सहज र भरपर्दो पहुँच विस्तारको लागि एक घर एक धारा कार्यक्रम तीव्र रुपमा सञ्चालन गरिएको छ।

२०. गाउँपालिका कार्यालय, राष्ट्रिय राजमार्ग र वडा कार्यालय जोड्ने सडकहरुको स्तरोन्नती सहित बाह्रै महिना सहज रुपमा सडक सञ्चालनको लागि कालोपत्रे, RCC र PCC ढलान सहितको गुणस्तरीय सडक निर्माणको कार्य तीव्र रुपमा सञ्चालन गरिएको छ।

२१. कृषि बाली र पशुपंक्षीमा देखा पर्ने रोग नियन्त्रणको लागि गाउँपालिकास्तरीय QRT "शिघ्र प्रतिक्रिया टोली" गठन तथा परिचालन गरिएको छ ।कृषिजन्य बाली र पशुपंक्षीमा देखा पर्ने रोग नियन्त्रणको लागि तोकिए बमोजिमका औषधीहरु निःशुल्क रुपमा कृषकहरुलाई उपलब्ध गराइएको छ।

२२. कृषकको उत्पादनलाई सिधै बजारसँग पहुँच स्थापना गर्नको लागि कृषि एम्बुलेन्स सञ्चालन

गरिएको छ। तरकारी, सुन्तला, कागती र चिउरीको वेर्ना खरिद गर्दा बाहिरिने रकमलाई रोक्न तथा स्थानीय कृषकको क्षमता अभिवृद्धिसहित थप आय आर्जनको वातावरण सृजना गर्नको लागि तरकारी र फलफूलको नर्सरी स्थापना गर्ने कार्यलाई जोड दिइएको छ।

२३. साना सिञ्चाइ र थोपा सिञ्चाइ कार्यको सम्पन्नता सँगै कृषि उत्पादनमा थप योगदान पुगेको छ। सुन्तला खेतीलाई थप व्यवस्थित र उचित प्रचार-प्रसारको व्यवस्था मिलाइएको छ। प्रथम इच्छाकामना सुन्तला महोत्सव सम्पन्न भई सुन्तला राष्ट्रिय फलको रुपमा घोषणा भएको छ। जसको सकारात्मक प्रभावको कारण सुन्तला खेतीतर्फ किसानको आकर्षण बढेको छ।

२४. फिस्लिङ तरकारी सङ्कलन केन्द्रमा चिस्यान केन्द्रको स्थापना भएको छ।

२५. चेपाङ चिउरी चमेरो संरक्षण कार्यक्रम सञ्चालनमा ल्याइएको छ।

२६. गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको समग्र पक्षको अध्ययनसहित प्राप्त प्रतिवेदनको आधारमा थप सुधार तथा नियमन गर्न गाउँपालिकास्तरीय सहकारी अनुगमन समिति गठन भई अध्ययन कार्यको थालनी गरिएको छ।

२७. सहकारी सञ्चालकहरुको क्षमता विकास गर्नको लागि सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

२८. गाउँपालिका क्षेत्रभित्र रहेका महत्वपूर्ण धार्मिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक र सांस्कृतिक सम्पदाहरुमा भौतिक पूर्वाधार निर्माण सँगै भएको प्रचार-प्रसारको उचित व्यवस्थापनको कारण गाउँपालिकाको आन्तरिक आम्दानीमा वृद्धि भएको छ ।

२९. स्थानीय भाषा, कला, संस्कृति, परम्परा र साहित्यको संरक्षणमा विशेष ध्यान दिइएको छ।

३०. इच्छाकामना गाउँपालिकाको सन्तुलित विकासको लागि सहकार्य, समन्वय र साझेदारीको अवधारणालाई आत्मसात् गरिएको छ।

३१. "स्थानीय उत्पादनको उपयोग; कृषकहरुलाई सहयोग" भन्ने अवधारणालाई मूर्तरुप दिन आयातित पेय पदार्थको उपभोगलाई न्यूनीकरण गर्ने उद्देश्य अनुरुप स्थानीय मोही र सर्वत पिउने असल बानीको थालनी भएको छ। जुन कार्यले राष्ट्रव्यापी सकारात्मक सन्देशको थालनी सहित कृषकहरुमा थप हौसला प्रदान गरेको छ।

३२. जेष्ठ नागरिक एवं फरक क्षमता भएका व्यक्तिहरुको परिचयपत्र नविकरणसहित गाउँपालिकाको कार्यालयबाट जारी गरिएको छ। जेष्ठ नागरिक तथा फरक क्षमता भएका नगरिकहरुका लागि न्यानो कपडा वितरण एवं थप आय आर्जनका कार्यक्रमसहित अनुदान वितरण र दैनिक जीवनलाई सहज बनाउन सहायक सामाग्रीको वितरण गरिएको छ ।

३३. सामाजिक कुसंस्कार र गैरकानूनी कार्यको अन्त्यका लागि नेपाल प्रहरी, गैर सरकारी संस्था र टोल विकास संस्थाको सहयोग र सहकार्यमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएका छन्। जसको सकारात्मक प्रभाव समाजमा देखिन थालेको महशुस भएको छ।

३४. गाउँपालिकाको बजार क्षेत्रभित्र रहेको फोहर व्यवस्थापन गाउँपालिका र गैर सरकारी संस्थाको

सहकार्यमा भइरहेको छ। फोहरलाई स्रोतमै वर्गीकरण गरी उचित व्यवस्थापन गर्नको लागि चेतनामूलक र क्षमता विकास कार्यहरु सञ्चालन भइरहेको छ।

३५. प्राकृतिक एवं मानवीय कृयाकलापबाट सृजित विपद्बाट पीडित व्यक्ति तथा परिवारलाई तत्काल राहत प्रदान गरी पुनःर्सूथापनाको कार्य निरन्तर भइरहेको छ।

३६. सामुदायिक वनहरुसँगको सहकार्य र साझेदारीमा वन तथा वातावरण संरक्षण र परम्परागत रुपमा रहेका पानीका मुहान संरक्षणको कार्यहरु भइरहेका छन्। जलवायु परिवर्तन अनुकुलित भौतिक संरचना निर्माण र प्रयोग मानवीय व्यवहार र खेतीप्रणालीको बारेमा नागरिक सचेतना कार्य निरन्तर भइरहेको छ।

३७. स्थानीय आवश्यकता र मागमा आधारित रोजगारी सृजना गर्न गाउँपालिका अध्यक्षसँग जेष्ठ नागरिक र युवा उपाध्यक्षसँग आमा समूह र किशोरी कार्यक्रम मार्फत सीप र क्षमता विकासका कार्यलाई तीव्रता दिइएको छ।

३८. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्रोत, सीप र श्रमको उच्चतम उपयोग गरिएको कारण बेरोजगार नागरिकको आम्दानीमा थप मद्दत पुगेको छ।

३९. बैदेशिक रोजगारीमा जाने नागरिकलाई लक्षित गरी सीप विकास र सिकेको सीपको परिक्षण सम्बन्धी व्यवस्था गरिएको छ। उक्त समूहलाई लक्षित गरी बैदेशिक रोजगार सचेतना कार्य निरन्तर भइरहेको र गाउँपालिकाको कार्यालयबाट निःशुल्क रुपमा श्रम स्वीकृतिको कार्य सम्पादन भइरहेको छ।

४०. बैदेशिक रोजगारीबाट प्राप्त भएको ज्ञान, सीप र पूँजीलाई सदुपयोग गर्न वित्तीय साक्षरता अभियान टोल-टोलमा सञ्चालन भइरहेको साथै लक्षित वर्गमा मनोसामाजिक परामर्शको कार्य समेत निरन्तर प्रदान भइरहेको छ।

४१. गाउँ कार्यपालिकाको कार्यालय र मातहतका अन्य कार्यालयहरुबाट प्रवाह गरिने सार्वजनिक सेवालाई चुस्त, पारदर्शी, जनमुखी, जवाफदेही, नागरिक सहभागिता र कर्तव्यबोध हुने गरी कार्यसम्पादन गर्नको लागि यस आर्थिक वर्षमा गाउँपालिकाले थप २१ वटा कानून निर्माण गरी कार्यसम्पादन गरिरहेको छ। सीमित स्रोत र साधन, जनशक्ति र क्षमताको चुनौतिलाई सामना गर्दै सार्वजानिक सेवा प्रवाहलाई गुनासो रहित बनाउने प्रयास निरन्तर गरिएको छ।

४२. गाउँपालिका अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुख बीच कार्यसम्पादन करार सम्झौता गरी राष्ट्रसेवक कर्मचारीको कार्यसम्पादनलाई व्यवस्थित गरिएको र कार्यसम्पादनलाई कर्मचारीको वार्षिक मूल्याङ्कनसँग आबद्ध गरिएको छ।

४३. भ्रष्टाचारजन्य कार्यमा गाउँपालिकामा शुन्य सहनशीलताको नीति कार्यान्वयन गरिएको र सार्वजनिक सेवा प्रवाह मापदण्ड लागू गरिएको छ।

४४. करको दर भन्दा पनि करको दायरा फराकिलो गर्ने गरी नीति तथा कार्यक्रमको तर्जुमा र सोही अनुरुप कार्यसम्पादन गरिएको साथै करदाता शिक्षालाई प्रभावकारी रुपमा सरोकारवाला पक्षसँग

समन्वय र सहकार्य भइरहेको छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले दिएको सुझाब अनुसार कर्मचारीको व्यवस्थापनमा जोड दिइएको छ।

४५. न्यायिक समितिबाट सम्पादन गरिने कार्यलाई छिटो र छरितो बनाउँदै थप क्षमता विकासको कार्य भइरहेको छ। न्यायिक समितिलाई कार्यसम्पादनमा सहजता ल्याउनको लागि न्यायिक इजलाससहित इजलास कक्षको व्यवस्था गरिएको छ।

४६. वडास्तरीय अनुगमन समिति र गाउँपालिकास्तरीय अनुगमन समितिबाट नियमित रुपमा योजना र बजारको अनुगमन गरी योजनाको पारदर्शिता अभिवृद्धि गर्ने र उपभोक्ताको हित संरक्षणको लागि निरन्तर कार्य भइरहेको छ। जसको प्रतिवेदन नियमित रुपमा कार्यपालिकाको बैठकमा पेश भई आवश्यक छलफल गर्ने व्यवस्था समेत गरिएको छ। टोलु-टोलमा टोल विकास समिति गठनसहित समितिलाई सशक्तीकरण गर्ने कार्य भइरहेको छ।

४७. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाईहरुमा विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ। जसले गर्दा गाउँपालिकाको कार्यालयबाट नै कार्यरत कर्मचारीको अनुगमन र नियन्त्रण प्रणालीको विकास गरिनुका साथै विद्युतीय हाजिरीलाई आधार मानी सेवा सुविधा भुक्तानीको व्यवस्था गरिएको छ।

४८. सार्वजनिक सेवा वडापत्रमा उल्लेख भएबमोजिम प्रक्रिया पुरा गरी सेवा लिन आउने सेवाग्राहीलाई तोकिएको समयभित्र नै मुस्कान सहितको सेवा र प्रक्रिया पुरा गर्न नसक्ने सेवाग्राहीलाई सहज रुपमा सेवा लिने प्रक्रियाको बारेमा परामर्शसहित लिखित रुपमा नै प्रक्रिया र कागजातको बारेमा जानकारी दिने ब्यवस्था गरिएको छ।

४९. गाउँ सभा तथा गाउँ कार्यपालिकाले गरेका निर्णय, कार्यालयले गरेका नियमित कार्यसम्पादनको विवरण, विभिन्न सार्वजनिक सूचनाहरु, जानकारीहरु र सार्वजनिक सरोकारको विषयहरुलाई गाउँपालिकाको आधिकारिक वेभसाइटमार्फत नियमित सार्वजनिक गर्ने परिपाटी मिलाइएको छ।

५०. जनताको गुनासो सुनुवाईका लागि नियमित रुपमा नागरिक मूल्याङ्कनका औजारहरु कार्यान्वयनमा ल्याइएको, गाउँपालिका र पत्रकारहरुबीच संवाद कार्यक्रम भइरहेको, विभिन्न माध्यमहरुबाट प्राप्त हुने गुनासो सम्बोधन र सुझाबहरुको कार्यान्वयनमा जोड दिइएको, गुनासो सुन्ने पदाधिकारी र कर्मचारीको व्यवस्था गरिएको छ।

५१. गाउँपालिका अन्तर्गत रहेका सबै पदाधिकारी र कर्मचारीबीच पर्याप्त रुपमा समन्वय, सहकार्य, समझदारी, निर्णय र कानूनको पालनामा प्रतिबद्धता भएका कारण गाउँपालिका कार्यसम्पादनमा अब्बल बन्दै गएको, योजना कार्यान्वयन हुनुभन्दा पहिले नै उपभोक्ता समितिलाई प्रशिक्षण दिइएको, कानूनको परिपालनालाई जोड दिइएको, वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रणलाई कडाइका साथ लागू गरिएकाले कार्यालयको बेरुजु घट्दै गएको छ।

**चालु आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रमको संक्षिप्त विश्लेषण**

चालु आ.व. का लागि इच्छाकामना गाउँपालिकाको तेह्रौं अधिवेशनबाट स्वीकृत भई

कार्यान्वयन भएको नीतिले गाउँपालिकाबासी र आम जनसमुदायमा सुधारको अनुभूतिका साथै आशा र भरोसाको सञ्चार गरेको छ। गाउँसभाबाट पारित नीति तथा कार्यक्रमहरुले इच्छाकामना गाउँपालिकाको भविष्यलाई सुनिश्चित गर्नुपर्ने हुन्छ। यस २ वर्षको अवधिको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धि उत्कृष्ट रहेको देखिन्छ। यद्यपी चालु आ.व. को नीति तथा कार्यक्रमको विश्लेषण गर्दा शत प्रतिशत कार्यान्वयनमा आउन सकेको देखिँदैन। तर पनि नीतिले निर्दिष्ट गरेका कतिपय कार्यक्रम कार्यान्वयनमा सङ्घीय तथा प्रदेश सरकारबाट हस्तान्तरित वित्तीय हस्तान्तरणबाट प्राप्त हुनुपर्ने रकम, राजश्व बाँडफाँटको अनुमानित रकम र आन्तरिक राजश्व अपेक्षित रुपमा प्राप्त नभएका कारण अपेक्षाकृत नतिजा प्राप्त हुन सकेको छैन। गाउँ सभाबाट पारित भएका नीति तथा कार्यक्रमको शत प्रतिशत कार्यान्वनका लागि संस्थागत क्षमता वृद्धिका साथै आवश्यक संस्थागत तथा कानूनी प्रबन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्न आवश्यक छ।

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।प्रस्तुत हुने नीति तथा कार्यक्रम नेपालको संविधानको भाग ४ को धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरुलाई स्वीकार गर्दै संविधानको अनुसूची ८ ले दिएको स्थानीय तहको अधिकार क्षेत्रमा रही निर्माण गरिएको छ ।पूर्वाधार निर्माण, सामाजिक क्षेत्रको विकास, आर्थिक विकास र सार्वजनिक सेवा प्रवाह लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तयार गरिएको छ।हामी बीचमा रहेको सीमित स्रोत र साधनहरुको न्यायोचित प्रयोग गर्दै हाम्रा असिमित आवश्यकता र चाहनाहरुलाई योजनाबद्ध ढङ्गले क्रमिक रुपमा गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकाले अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

**सामाजिक विकास नीति**

१. “सुलभ स्वास्थ्य सेवा; नागरिकलाई टेवा” अभियान अन्तर्गत इच्छाकामना आधारभूत अस्पतालको निमार्णलाई तीव्रता दिइनेछ। २४ सै घण्टा प्रयोगशाला सेवासहितको चिकित्सकीय सेवालाई थप सुदृढीकरण गरिनेछ। यस अस्पतालबाट आवश्यक प्रक्रिया पुरा गरी स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ।

२. स्वास्थ्यमा सर्वव्यापी पहूँचको अवधारणा अनुरुप प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनःर्स्थापनात्मक सेवालाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ। अति विपन्न नागरिक, सुत्केरी महिला, दुर्घटनामा परेका र विपद्मा परेका नागरिकहरुको लागि निःशुल्क एवं प्रभावकारी एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ।

३. स्वास्थ्य संस्थामा तोकिएका औषधीहरुको निःशुल्क उपलब्धतालाई गुणस्तरीयतासहितको सुनिश्चितता गरिनेछ। बालिका बचत कार्यक्रमलाई थप व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।“रक्तदान

जीवन दान" भन्ने नाराका साथ गाउँपालिकाद्वारा विभिन्न अवसरहरुमा रक्तदान शिविर सञ्चालन गरिनेछ।

४. विशेषज्ञसहितको निःशुल्क स्वास्थ्य शिविर वडा तहसम्म सञ्चालन गरी जटिल एवं कडा रोगको उपचारमा सहजता ल्याइनेछ। महामारीजन्य रोगहरुको रोकथाम नियन्त्रण तथा व्यवस्थापनका लागि पूर्व तयारीसहित आवश्यक स्रोत र साधनको व्यवस्था मिलाइनेछ। प्राकृतिक चिकित्साको उचित विकास र प्रयोगको व्यवस्था मिलाइनेछ।

५. स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको आवश्यक भवन निर्माण र मर्मत सम्भारको कार्यलाई निरन्तरता दिइनेछ।

६. ज्येष्ठ नागरिक, वालवालिका र गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षणको  प्रभावकारी व्यवस्था मिलाइनेछ। गर्भवती महिलालाई निःशुल्क प्रयोगशाला सेवा उपलब्ध गराइनेछ। श्भ्क्इ ज्इःभ म्भीक्ष्ब्भ्च्थ को अभियान पुरा गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

७. दीर्घ रोगीहरुका लागि गाउँपालिका साथै नेपाल सरकारबाट उपलब्ध गराइने औषधी उपचार सेवाको सहजीकरण एवं समन्वयलाई थप सुदृढ तुल्याइनेछ। स्वास्थ्य संस्थाबाट निस्कने फोहर व्यवस्थापनलाई प्रभाकारी बनाइनेछ। स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैर सरकारी क्षेत्रबीच समन्वय, सहकार्य र साझेदारीलाई थप व्यवस्थित एवं प्रभावकारी बनाइनेछ।

८. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रुपमा गाउँपालिकाबाट प्रदान गरिने प्रोत्साहन रकमको निरन्तरता गरिनेछ। अति विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार सहायता खर्चलाई थप व्यवस्थित गरी प्रभाकारी रुपमा वितरणको व्यवस्था मिलाइनेछ। साथै विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. "गाउँपालिकाको इच्छा; गरिखाने शिक्षा" स्वर्णिम योजना अन्तर्गत सीपमूलक र व्यवहारिक शिक्षा सहित सुविधा सम्पन्न भ्ऋभ्म कक्षा व्यवस्थापन, जीवन उपयोगी शिक्षा, मेरो विद्यालय म बनाउँछु, विद्यालयको सुन्दरता र हराभरामा विद्यार्थीहरुको सक्रिय सहभागिता,विद्यालय तहमा स्काउट,रेडक्रस लगाएतका स्वंमसेवक समुहहरुको गठन र क्षमता विकास, शिक्षकमा समयसापेक्ष शैक्षणिक क्रियाकलापको विकास, शिक्षा क्षेत्रमा भएका नवीनतम् प्रयोगहरुको उपयोग गर्दै विद्यालयमा विद्यार्थीको भर्नादरमा वृद्धि र कक्षा छोड्ने दरको न्यूनीकरण गरिनेछ। साथै टोल टोलमा अभिभावक शिक्षा अभियानको रुपमा सञ्चालन गरिनेछ।

१०. "शारीरिक एवं मानसिक स्वास्थ्यका लागि खेलकुद" भन्ने नाराका साथ गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलकुद क्षेत्रको विकास गरिनेछ।

११. अनिवार्य तथा निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयनका लागि सामाजिक जागरणका कार्यक्रम सञ्चालन गरिनेछ।सर्वशान्ती माविलाई गाउँपालिकाको नमुना विद्यालयको रुपमा विकास गरिनेछ।

१२. विद्यालयको पूर्वाधार विकासका लागि जीर्ण विद्यालय पुनःनिर्माण र कक्षाकोठा सुधार कार्यक्रम

सञ्चालन गरिने छ। हरेक शुक्रबार विद्यालयहरुले अनिवार्य रुपमा ECA कार्यक्रम सञ्चालन गर्नुपर्ने र रमाईलो शुक्रबार (FUN FRIDAY) लाई अभियानको रुपमा लगिनेछ।

१३. गाउँ शिक्षा योजनाको कार्यान्वयनद्वारा शैक्षिक गुणस्तरको सुधारमा जोड दिइने छ। शैक्षिक पात्रोको पूर्णरुपमा कार्यान्वयन गरी गाउँपालिका भित्रको शैक्षिक गतिविधिलाई अनुमानयोग्य बनाइनेछ।

१४. गाउँपालिका स्रोत करार शिक्षक र स्वयंसेवक शिक्षक व्यवस्थापनको कार्यलाई निरन्तरता दिँदै अझ बढी प्रभावकारी तुल्याइनेछ।

१५. विद्यालयलाई संस्थागत सामाजिक उत्तरदायित्व पूर्ण रुपमा पालना गराउन कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

१६. स्थानीय उत्पादनको प्रबर्द्धन, विद्यार्थीको पोषण सुधार र विद्यार्थीलाई स्थानीय आवश्यकता अनुसारको सीप विकास गर्न "एक विद्यालय एक करेसाबारी; एक विद्यालय एक पूर्वाधार" सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१७. जीवन उपयोगी स्थानीय पाठ्यसामग्री निर्माण गरी पाठ्यसामग्रीको सहज उपलब्धताको सुनिश्चितता गरिनेछ।

१८. शैक्षिक गुणस्तरमा सुधार ल्याउन गाउँपालिकाले प्रधानाध्यापक र विद्यालयका प्रधानाध्यापकले अन्य विषयगत शिक्षकसँग कार्य सम्पादन करार गर्ने र उपलब्धी सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई नमुना विद्यालयका रुपमा विकास गरिनेछ।

१९. विद्यालयको नेतृत्वलाई प्रभावकारी बनाउन निमित्त प्रधानाध्यापक होइन; सक्षम, अब्बल र अधिकार सम्पन्न प्रधानाध्यापक नियुक्त गरी कुशलतापूर्वक कार्यसम्पादन गर्ने व्यवस्था मिलाइनेछ। "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" भन्ने अवधारणा अनुरुप शिक्षक दरबन्दीको मिलान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२०. करार/राहत शिक्षक छनोट तथा पदपूर्ति व्यवस्थालाई सहज, सरल र व्यवस्थित बनाउन शिक्षक छनोट सम्बन्धी कार्यविधिलाई आवश्यक संशोधनसहित प्रभाकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

२१. शिक्षक सरुवाको कारणबाट शैक्षिक गुणस्तरमा परेको/पर्ने प्रभावको समुचित विश्लेषण पश्चात मात्र सरुवा सहमति दिने अभ्यासलाई कार्यान्वयनमा ल्याइनेछ।

२२. गाउँपालिकाको पूर्व अनुमति बेगर कुनै पनि किसिमको चन्दा, उपहार, सहयोग प्राप्त गर्ने विद्यालय प्रशासनलाई प्रचलित कानून बमोजिम छानविनको दायरामा ल्याइनेछ। मूल्य नखुलेको सहयोग लिन पूर्ण रुपले बन्देज गरिनेछ।

२३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी एवं जनप्रतिनिधिहरुले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रेरित गरिनेछ।

२४. "लक्षित वर्ग आत्मनिर्भरता" कार्यक्रमलाई थप व्यवस्थित गरिदै लगिनेछ।

२५. ज्येष्ठ नागरिक एवं फरक क्षमता भएका व्यक्तिहरुका लागि सहायता सामग्री उपलब्धता गराइनेछ। ज्येष्ठ नागरिकको सामाजिक सम्मान अभिवृद्धिका लागि असल सन्तति सम्मान कार्यक्रम

सञ्चालनमा ल्याइनेछ।

२६. परम्परागत पेशा व्यवसायको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरणमा टेवा पुऱ्याइने कार्य गरिनेछ।

२७. विभिन्न बाल क्लवमार्फत नैतिक व्यवहारिक र जीवन उपयोगी शिक्षा प्रबर्द्धनमा जोड दिइनेछ।

२८. गर्भवती महिलाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउन विपन्न महिला पोषण सुधार कार्यक्रमलाई थप व्यवस्थित तुल्याइनेछ।

२९. बालबिवाह, लैङ्गिक हिंसा, लागू पदार्थ दुर्व्यसन जस्ता कुसंस्कारको अन्त्यका लागि नेपाल प्रहरी लगाएत अन्य सरोकारवाला गैर सरकारी र निजी क्षेत्रसँगको सहकार्यमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३०. समाजमा पछाडी परेको वर्ग, क्षेत्र, लिङ्ग, समुदाय लगायतलाई प्याकेजमा सहयोग उपलब्ध गराइनेछ। सामाजिक सुरक्षा भत्ता वितरणमा राष्ट्रिय परिचय पत्र अनिवार्य गरिनेछ। सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित र सरल बनाउनको लागि EFT प्रणाली अवलम्बन गरिनुका साथै व्यक्तिगत घटना दर्ता र समाजिक सुरक्षा भत्तालाई सहज र सरल बनाउन लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३१. टोल विकास संस्थालाई आर्थिक/सामाजिक विकासको प्रस्थान विन्दुका रुपमा लिँदै साना पूर्वाधार निर्माण, सामाजिक जागरण, सरसफाई, विपद् व्यवस्थापन जस्ता कार्यमा परिचालन गरिनेछ।

३२. गाउँपालिकालाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री बनाउन विशेष अभियान सञ्चालन गरिनेछ। बालमैत्री स्थानीय शासन घोषणा कार्यका लागि आवश्यक तयारी गरिनेछ। अभिभावक विहिन बालबालिकाहरुको संरक्षणको लागि छुट्टै बाल कोषको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

३३. लक्षित समूहको सशक्तीकरण र मूलप्रवाहीकरणका लागि मागमा आधारित कार्यक्रम/योजनामार्फत अपेक्षित उपलब्धी हासिल गरिनेछ। साथै गाउँपालिका भित्र रहेका विभिन्न समूहहरुको गठन, पुनर्गठन, क्षमता विकास सँग-सँगै आयआर्जनसँग जोडिनेछ।

३४. कार्यालय भित्र रहेका विभिन्न शाखाहरुसँगको समन्वयमा उद्यम विकास र लघु उद्योगहरुको स्थापना र सञ्चालन मार्फत आय आर्जनमा जोड दिइनेछ।

३५. राजमार्ग क्षेत्रमा रहेका होटल तथा रेष्टुरेण्टहरुले प्रदान गर्ने सेवामा गुणस्तरीयता कायम गर्न र यस क्षेत्रको साखलाई अझ माथि उठाउन सरोकारवाला पक्षहरुसँगको सहकार्य र समन्वयमा आवश्यक कार्यहरु सञ्चालन गरिनेछ।

३६. रोजगार मेलाद्वारा कामको खोजीमा रहेका युवाहरुलाई यस गाउँपालिकाभित्र सञ्चालन भइरहेका वा सञ्चालन हुने कम्पनीहरुमार्फत कामको अवसर जुटाइदिन पहल गर्ने, नयाँ अवसरहरुको खोजी गर्ने तथा स्थानीयस्तरमा नै आवश्यक सीप पहिचान गर्न सक्ने वातावरणको सृजना गरी बाध्यताबस वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ।

३७. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समाजमा पुनः एकीकरण गर्दै वैदेशिक रोजगारीबाट

प्राप्त विप्रेषणको उचित उपयोगको व्यवस्था मिलाइनेछ।

३८. वैदेशिक रोजगारीका कारण सिर्जित सामाजिक समस्याहरुको यथोचित समाधानका लागि मनोसामाजिक परामर्शको व्यवस्थालाई निरन्तरता प्रदान गर्दै विप्रेषणको सही उपयोगका लागि वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ। वैदेशिक रोजगारीबाट फर्कनुभएका नागरिकहरुमा रहेको ज्ञान, सीप, क्षमता, दक्षता, अनुभव र पूँजीको समुचित परिचालनमा जोड दिइनेछ।

३९. गाउँपालिकाबाट सञ्चालन गरिने विकास योजनालाई स्थानीय रोजगारी सिर्जनासँग अन्तर आवद्धित तुल्याइनेछ। गाउँपालिकाभित्र सञ्चालित योजनाहरुको गुणस्तर वृद्धि गर्नको लागि योजनामा परिचालित हुने सिकर्मी डकर्मी आदिको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरिनेछ।

४०. स्थानीय माग एवं आवश्यकतामा आधारित सीपमूलक तालिमको व्यवस्थापन मिलाइनेछ। बैङ्क तथा वित्तीय संस्थाहरुको सहयोग र साझेदारीमा सहुलियत स्टार्ट अप व्यवसाय कर्जामा सहजीकरण गरिनेछ।

४१. स्थानीय रोजगारीको अवसर सिर्जना गर्न “अध्यक्षसँग युवा तथा खेलकुँद र “उपाध्यक्षसँग महिला तथा सीप विकास“ कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४२. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट दिगो निर्माणको सुनिश्चितताका लागि आवश्यक निर्माण सामाग्री उपलब्ध गराइनेछ।

४३. रोजगारदाता मार्फत श्रमिकको दुर्घटना बीमा गरिदिने गरी आवश्यक सहजीकरण गरिनेछ। रोजगारदाता र श्रमिक बीच सुमधुर सम्बन्ध स्थापित गराउन विशेष पहल गरिनेछ। गाउँपालिका भित्र रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुनको लागि पहल गरिनेछ।

**आर्थिक विकास नीति**

१. “कृषकको उन्नती गाउँपालिकाको समुन्नती” अभियानलाई प्राथमिकता प्राप्त योजनाको रुपमा अगाडी बढाउन कृषि बाली र पशुपंक्षीमा देखा पर्ने संक्रामक रोग नियन्त्रणको लागि गाउँपालिकास्तरीय Quick Response Team (QRT) गठन तथा परिचालनलाई प्रभावकारी बनाइनेछ। कृषिजन्य बाली र पशुपंक्षीमा देखा पर्ने रोग नियन्त्रणको लागि तोकिए बमोजिमका औषधीहरु निःशुल्क एवं गुणस्तरीय रुपमा कृषकहरुलाई प्रभावकारी रुपमा उपलब्ध गराइनेछ।

२. कृषकको सानो सानो उत्पादनलाई सिधै बजारसँग पहुँच स्थापना गर्नको लागि कृषि एम्बुलेन्सको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी र जनताको अपनत्व सृजना हुने गरी सञ्चालन गरिनेछ।

३. “उत्पादन साथमा अनुदान हातमा” भन्ने अवधारणालाई अभियानको रुपमा अगाडि बढाइनेछ। एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई अगाडि बढाउन आवश्यक व्यवस्था मिलाइनेछ। नव

प्रवर्तनमा आधारित कृषि तथा पशु उत्पादनलाई अभिवृद्धि गर्न प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाइनेछ। कृषि प्रसारमा विशेष ध्यान दिइनेछ।

४. कृषि तथा पशुपालन व्यवसायलाई जोखिम रहित तुल्याउन बाली एवं पशु बीमा गर्ने किसानलाई प्रोत्साहनको व्यवस्था मिलाइनेछ। कृषि तथा पशुधनको बीमा कार्यमा गाउँपालिकाले लागत साझेदारी गर्नेछ।

५. कृषि बालीमा फैलिने सङ्क्रामक रोग नियन्त्रणका लागि मिनि ल्याब एवं औषधोपचार कार्यक्रम सञ्चालन गरिनेछ। रैथाने बालीहरुको बिउ संरक्षण, उपयोग तथा प्रचारको लागि सामुदायिक बिउ बैङ्कको स्थापनामा जोड दिइनेछ। कोसेली घरको सञ्चालनमार्फत रैथाने बालीको विकास र विस्तारलाई जोड दिइनेछ।

६. पशुपालक किसानका लागि तोकिएका पशुजन्य औषधीहरु निःशुल्क रुपमा उपलब्ध गराई औषधीहरुको नियमित आपूर्तिको सुनिश्चितता गराइनेछ। पशुपंक्षीमा देखिने रोगहरुको जोखिम न्यूनीकरण गर्नको लागि पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

७. बाख्रापालन, बङ्गुरपालन, कुखुरापालन, नश्ल सुधार कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। मागमा आधारित साना कृषक लक्षित पशुपंक्षी प्रबर्द्धन कार्य अगाडी बढाइनेछ। लागत साझेदारीमा बिक्री केन्द्रहरुको स्थापनामा जोड दिइनेछ। पशुपालक किसानहरुको क्षमता विकास र सशक्तीकरण गरिनेछ।

८. सिञ्चाइको अभाव कम गर्न प्लाष्टिक पोखरी र थोपा सिञ्चाइ कार्यक्रमको सुरुवात गरिनेछ। सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। रैथाने बालीबाट तयार गरिने खानेकुराका परिकार हरुको प्रयोग गर्नमा प्रोत्साहन गरिनेछ।

९. सहकारी संस्थाहरुको अनुगमन, नियमन, पारदर्शिताको व्यवस्थापनको लागि सहकारी शिक्षा प्रदान गरिनेछ। गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको समग्र पक्षको अध्ययन सहित प्राप्त प्रतिवेदनको आधारमा थप आवश्यक व्यवस्था गर्न गाउँपालिकास्तरीय सहकारी अनुगमन समितिलाई तोकिएको समयमा नै कार्यसम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली COPOMIS लाई अनिवार्य गरिनेछ।

१०. बाँझो एवं सरकारी जग्गामा सम्भाव्यताका आधारमा सामूहिक खेती एवं नवप्रवर्तनीय व्यवसाय गर्ने कृषक समूहलाई विशेष सहयोग प्याकेज उपलब्ध गराइनेछ। प्राकृतिक रुपमा उत्पादन हुने फलफूल, तरकारी र कन्दमुलहरुको व्यावसायीकरण तथा बजारीकरणमा जोड दिइनेछ।

११. स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उत्पादन/प्रशोधन उद्योग सञ्चालन गर्ने उद्यमीहरुलाई विशेष प्रोत्साहनको व्यवस्था मिलाइनेछ।यस कार्यका लागि गाउँपालिकाको लागत साझेदारी समेतको व्यवस्था मिलाइनेछ।

१२. उपरदाङ गढी, सिराईचुली र इच्छाकामना मन्दिर लगाएतका पर्यटकीय क्षेत्रहरुको उचित एवं व्यवस्थित विकास र विस्तारको लागि "इच्छाकामना त्रिभुज परियोजना" सञ्चालन गरिनेछ।

जस अन्तर्गत उपरदाङ गढी क्षेत्रमा ऐतिहासिक र पुरातात्विक महत्व झल्किने गरी गढी दरबारको निर्माण गरी पुरातात्विक तथा ऐतिहासिक सङ्ग्रहालयको रुपमा विकास गरिनेछ। सिराईचुली क्षेत्रमा प्राकृतिक सौन्दर्य र पदमार्गको विकास र विस्तारलाई जोड दिइनेछ। इच्छाकामना मन्दिर क्षेत्रमा धार्मिक सम्पदाहरुको विकास र विस्तारमा जोड दिइनेछ। मन्दिर क्षेत्रको विकास, विस्तार र प्रचारको लागि गुरुयोजना तयार गरी सोही बमोजिमका संरचना एवं पूर्वाधार निर्माणमा जोड दिइनेछ।

१३. लामो झरना, बालगौरी पाथीभरा मन्दिर, मुग्लीन महादेवस्थान, हात्तीबाङ्ग, कुरिनघाट शिवालय जस्ता धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं पर्यटकीय स्थलहरुको भौतिक संरचना निर्माणमा थप लगानी गरी पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. पर्यटनसँग जोडिएका होटल व्यवसाय, यातायात व्यवसाय, होमस्टे, कला संस्कृति प्रबर्द्धन एवं स्थानीय  रैथाने बालीको संरक्षणका लागि एकीकृत कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१५. पर्यटकीय स्थलहरुमा कोसेली घर सञ्चालनमा ल्याई स्थानीय उत्पादनको प्रबर्द्धन र बजारीकरणमा योगदान पुऱ्याइनेछ। उत्पादनका हिसाबले विशिष्ट पहिचान बनाउन एक वडा एक उत्पादनको कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

१६. "एक परिवार एक व्यवसाय" को अवधारणालाई कार्यान्वयनमा ल्याउन आवश्यक सीपमूलक एवं आय आर्जन तालिमको व्यवस्था मिलाइनेछ। कार्यक्रम कार्यान्वयन गर्दा एक गाउँ एक उत्पादनको अवधारणालाई आत्मसात् गरिनेछ।

१७. स्थानीय भाषा, कला, संस्कृति, साहित्य र परम्पराको संरक्षण गर्दै आर्थिक विकासको आधारका रुपमा विकसित गरिनेछ।

१८. फिस्लिङ तरकारी  सङ्कलन केन्द्रलाई कृषक हित अनुकूल हुने गरी सञ्चालनमा ल्याइनेछ। उप-सङ्कलन केन्द्र विस्तारमा जोड दिइनेछ।

१९. सार्वजनिक जग्गा संरक्षणमा विशेष जोड दिइनेछ।

२०. सार्वजनिक निजी साझेदारी लगायत अन्य सङ्घ/संस्थाहरुका लगानीका क्षेत्रहरु पहिचान गरी "विकासमा सहकार्य र साझेदारी" को अवधारणालाई कार्यान्यिवनमा ल्याइनेछ र लगानीयोग्य वातावरणको सृजना गरिनेछ।

२१. होटल तथा रेष्टुरेन्ट व्यवसायको स्तरीकरण गर्ने कार्यको शुरुवात गरिने छ।स्तरीकरण गरिएका होटल व्यवसायको सूची गाउँपालिकाको वेभसाइट तथा डिजिटल माध्यमबाट प्रचार-प्रसारको व्यवस्था गरिनेछ।

२२. साँस्कृतिक परम्परा,चाडपर्व र भोज भतेरमा गरिने फजुल खर्च नियन्त्रण गरी उत्पादनशील क्षेत्रमा लगाउन विशेष पहल गरिनेछ। यस्ता कार्यहरुमा रैथाने बालीबाट तयार गरिएका खाना,सर्वत,मोही जस्ता पेय पदार्थको प्रयोगमा प्रोत्साहन गरिनेछ।रैथाने खाना र पेय पदार्थको प्रवर्द्वनमा सहयोग गर्न खाना मोहत्सवको आयोजना गरिनेछ।

## पूर्वाधार विकास  नीति

१. अधुरा पूर्वाधार निर्माणको सम्पन्नतामा विशेष जोड दिँदै निर्माण सम्पन्न भएका संरचनाबाट गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गरिनेछ।

२. साझेदारीमा पूर्वाधार निर्माण गर्ने एवं स्थानीय लागत सहभागिता बढी जुट्ने योजना कार्यान्वयनमा विशेष प्राथमिकता दिइनेछ। गाउँपालिकाको आवधिक योजनालाई अद्यावधिक गरी दीर्घकालिन आवधिक र वार्षिक रुपमा प्राथमिकता प्राप्त योजनाहरु कार्यान्वयन गरिनेछ।

३. पूर्वाधारहरुको गुणस्तर सुनिश्चितताका लागि आवश्यक पर्ने मेसिनरी औजार र जनशक्ति सहित प्रयोगशाला निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

४. पूर्वाधार निर्माण गर्दा स्थानीय स्रोत, साधन र सीपको प्रयोगलाई प्रोत्साहन गरिनेछ। उपभोक्ता समितिको दर्तालाई अनिवार्य गरी निर्मित पूर्वाधारको संरक्षण र मर्मत सम्भारका लागि जिम्मेवार तुल्याइनेछ। उक्त कार्यको लागि मर्मत सम्भार कोष परिचालन गरिनेछ।

५. गाउँपालिका भित्रका प्रमुख सडकहरुको नियमित सञ्चालनका लागि बिलभ ध्यचपभच को व्यवस्था मिलाइनेछ। बजार क्षेत्र भएर जाने पृथ्वी राजमार्गको दायाँ बायाँ मुग्लिङ्ग कुरिनटार लगायत क्षेत्रको सडक र गाउँपालिका कार्यालय परिसरमा सौन्दर्यीकरणको कार्य प्रारम्भ गरिनेछ। गरिनेछ। गाउँपालिकाको पहिचानको लागी राजमार्गको रिग्दि खोला र मौवा खोला क्षेत्रमा स्वागतद्वार निर्माण गरिनेछ ।

६. खानेपानी, सिञ्चाइ जस्ता जीवनयापनसँग प्रत्यक्ष जोडिएका पूर्वाधार निर्माणमा जोड दिइनेछ।

७. “मुहान देखि मुख सम्म स्वच्छ खानेपानी” भन्ने नाराका साथ सुरक्षित खानेपानीको विस्तारका लागि गाउँपालिका र अन्य सरकारी तथा गैरसरकारी सङ्घ/संस्थासँगको साझेदारीमा विशेष जोड दिइनेछ। एक घर एक धारा नीतिको कार्यान्वयनमा तीव्रता ल्याइनेछ।४

८. वडा कार्यालय जोड्ने सडकलाई प्राथमिकताका साथ बाह्रै महिना सञ्चालनमा ल्याइनेछ। सडक पूर्वाधार निर्माण गर्दा द्यष्य-भ्लनष्लभभचष्लन लाई कार्यान्वयनमा लैजान जोड दिइनेछ। एक वडा एक गौरवको योजना कार्यान्वयनमा ल्याइनेछ ।

९. वडाका सामरिक महत्वका सडकहरुलाई स्तरोन्नती गर्न विशेष प्राथमिकता दिइनेछ। २ नं. वडाको वडा सम्पर्क कार्यालयलाई व्यवस्थित गरी सेवा प्रवाहमा सहजता कायम गरिनेछ।

१०. पूर्वाधार निर्माण र सञ्चालनमा सङ्घीय सरकार, प्रदेश सरकार, विकास साझेदार गैर सरकारी सङ्घ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरी कार्यान्वयन गरिनेछ।

११. उपभोक्ता समितिलाई विशेष प्रशिक्षणको व्यवस्था मिलाइने छ। निर्माण व्यवसायीबाट सम्पादन हुने कार्यलाई तोकिएको समयमा काम सम्पन्न गर्न आवश्यक पर्ने सम्पूर्ण प्रबन्ध मिलाइनेछ। म्याद थप गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

१२. “मेरो पूर्वाधार, मेरो पौरख, मेरो गौरव“ को अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

१३. भवन नक्सा पासलाई अनिवार्य गरिनेछ। पुराना घरहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा

अभिलेखीकरण कार्यविधि अनुरुप अभिलेखीकरणको कार्य अगाडि बढाइनेछ। तोकिएको समयावधि भित्र अभिलेखीकरण गर्न प्रोत्साहित गरिनेछ।

१४. घर नक्सा तयार गर्ने परामर्श दाताहरुको अधिकतम सेवा शुल्क निर्धारण गरी सूचीकृत गरिनेछ। कुरिनटार Town Planning DPR तयार गरी योजना कार्यान्वयनमा विशेष जोड दिइनेछ।

१५. "मेरो गाउँ उज्यालो ठाउँ" को अबधारणा अनुरुप ग्रामीण र दुर्गम क्षेत्रमा भरपर्दो विद्युत सेवा उपलब्ध गराइनेछ। मुख्य बजार क्षेत्रमा सडक बत्ती, मास लाइटको व्यवस्था गरिनेछ।

१६. भूमिको उत्पादन सम्भाव्यताका आधारमा सिञ्चाइ सुविधाका लागि पूर्वाधार विस्तारमा जोड दिइनेछ।

वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

१. फोहरमैला व्यवस्थापनलाई आयमूलक र नतिजामूलक बनाइनेछ। फोहरमैला व्यवस्थापनमा निजी क्षेत्र र स्थानीय सङ्घ/संस्थासँगको साझेदारीमा जोड दिइनेछ। कुरिनटारमा फोहरबाट मोहर सृजना गर्ने अवधारणा अनुरुप शुरुवात गरिएको फोहरमैला व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइनेछ। साथै अस्पतालजन्य फोहर व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

२. गाउँ-गाउँमा पुनःभरण पोखरी निर्माण सँगै पानीका स्रोतहरुको संरक्षणको लागि कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

३. वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ। पूर्वाधार निर्माण गर्दा कम्तीमा ५% रकम वातावरण संरक्षणमा खर्च गर्नु पर्ने प्रावधानलाई कार्यान्वयनमा ल्याइनेछ।

४. परम्परागत पानीका स्रोतहरुको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। वन जङ्गलको संरक्षणको लागि विभिन्न गैर सरकारी संस्थाहरुसँगको समन्वयमा सचेतनामूलकसहित अन्य आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. जैविक विविधताको संरक्षणमा विशेष ध्यान दिइनेछ।

६. घरको सरसफाई एवं सौन्दर्यता अभिवृद्धि गर्ने सबै घर परिवारको अनिवार्य दायित्व हुनेछ। उत्कृष्ट सरसफाई र सौन्दर्यता अभिवृद्धिमा योगदान पुऱ्याउने परिवारलाई विशेष प्रोत्साहन प्रदान गरिनेछ। गाउँपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताको लागि फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। फोहरलाई स्रोतमै वर्गीकरण गर्ने र प्राङ्गारिक मल बनाउने जस्ता नवीनतम् प्रविधिलाई आत्मसात् गरिनेछ।

७. प्राकृतिक र मानवीय क्रियाकलापबाट सृजना हुने विभिन्न विपद्हरुको सामना गर्न सक्ने गरी स्रोत र साधनको व्यवस्था गरिनेछ। विपद्जन्य घटना र क्षतिको न्यूनीकरण गर्न विपद्मा परेकाहरुको उद्दार, राहत र पुनःर्स्थापनाको लागि स्थानीय विपद् व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा कार्य सञ्चालन गरिनेछ। विपद् व्यवस्थापनको लागि रहेको प्रकोप व्यवस्थापन कोषलाई थप प्रभावकारी रुपमा परिचालन गरिनेछ साथै उद्दार र राहत कार्यमा स्वयंसेवकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

८. स्थानीय स्तरका विपद् जोखिम समितिहरु मार्फत् विपद् जोखिम न्यूनीकरणका लागि आपतकालिन उद्दार र पुनःस्थापनाको लागि तालिम सञ्चालनसहित आवश्यक सामग्रीहरुको व्यवस्था गरिनेछ।

**सुशासन तथा संस्थागत क्षमता विकास नीति**

१. गाउँपालिकाले स्वीकृत गरी लागू गर्ने विभिन्न विषयगत कानूनहरु निर्माण र समयसापेक्ष परिमार्जनसहित कार्यान्वयनलाई जोड दिइनेछ।

२. गाउँकार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट हुने सार्वजनिक सेवा प्रवाहमा तटस्थता, प्रभावकारिता, पारदर्शिता, जवाफदेहिता र सक्षमता अभिवृद्धि गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई परिष्कृत गर्दै विद्युतीय शासनको अवधारणालाई कार्यान्वयनमा जोड दिइनेछ। सेवाग्राहीलाई सहज रुपमा सेवा प्रदान गर्न नागरिक सहायता कक्षको स्थापना गर्ने र गुनासो सुनुवाईको उचित प्रबन्ध मिलाइनेछ।

३. "पालिकाले देख्छ; गलत कार्यलाई छेक्छ" योजना भित्र मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणालीको जडान र विस्तार गरी गाउँकार्यपालिकाको कार्यालयबाट अनुगमन र नियमन गर्ने प्रणालीको विकास गरिनेछ। सेवा सुविधा भुक्तानीका लागि विद्युतीय हाजिरीलाई प्रमुख आधारको रुपमा स्थापित गरिनेछ। कार्यसम्पादनमा सहजता ल्याउनको लागि सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ। गाउँपालिका भित्र रहेका महत्वपूर्ण स्थानहरुमा सिसिटिभीको जडान गरी निगरानी बढाइनेछ।

४. जनप्रतिनिधिहरुलाई पालिका भित्र रहेको श्रम शक्ति परिचालनकर्ताको रुपमा क्षमता विकास गरिँदै लगिनेछ। जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास योजना तयार गरी क्रमशः लागू गरिदैं लगिनेछ। जनप्रतिनिधि र कर्मचारीहरुका लागि स्वदेशी तथा विदेशी क्षेत्रगत सेवाकालिन पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक परामर्श र कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याइनेछ।

५. कार्यसम्पादन करार गर्ने पद्धतिलाई जनप्रतिनिधि एवं कर्मचारी दुबै पक्षमा अनिवार्य गरी थप व्यवस्थित गरिनेछ। गाउँ सभा र गाउँ कार्यपालिका अन्तर्गत रहने विभिन्न विषयगत समितिहरुको कार्यसम्पादनमा प्रभावकारीताको लागि आवश्यक कानूनहरुको निर्माण गर्ने र समितिका सदस्यहरुको क्षमता विकासका लागि क्षमता विकासका कार्यहरु सञ्चालन गरिनेछ। विषयगत समितिका बैठकहरुलाई थप व्यवस्थित र नियमित गरिनेछ।

६. सार्वजनिक सेवा प्रवाह मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ। स्थानीय तहमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाउँदै स्थानीय जनताको सेवामा समर्पित भई कार्यसम्पादन गर्न र समग्र सेवा प्रवाहमा सुशासन कायम गर्नको लागि कर्मचारीहरुको समय सापेक्ष क्षमता विकास कार्यक्रम र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको शुरुवात गरी सक्षम र उच्च मनोबलयुक्त कर्मचारी प्रशासनको विकास गरिनेछ।

७. जनप्रतिनिधि, शिक्षक, उपभोक्ता समितिका पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका

पदाधिकारी, उत्कृष्ट कृषक, समाजसेवी लगायत कर्मचारीलाई कार्यसम्पादनको आधारमा पुरस्कृत गरिनेछ। तोकिएको समयमा गुणस्तरसहित काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ। समय अगावै गुणस्तरीय कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

८. सबै प्रकारका कर तथा गैरकरको सङ्कलनलाई अनिवार्य गरिनेछ। कर तथा गैरकर भुक्तानी नगर्ने घर परिवारलाई गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा रोक्का गर्ने नीति अवलम्बन गरिनेछ।

९. स्थानीय पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि खोज पत्रकारिता तालिम सञ्चालन गरिनेछ। गाउँपालिका र सञ्चारकर्मी बीचको सम्बन्धलाई बलियो बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि गाउँपालिकाले आयोजना गर्ने नियमित सार्वजानिक सुनुवाई, नियमित रेडियो कार्यक्रम र गुनासो सुनुवाई कार्यक्रमहरु सञ्चारकर्मीहरुसँगको सहकार्य र सहयोगमा अगाडि बढाइनेछ।

१०. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा गाउँपालिकाको सङ्गठन संरचना एवं कर्मचारी दरबन्दी पुनरवलोकन गरिनेछ। अपाङ्गमैत्री भौतिक संरचनाको निर्माण, बालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन गरिनेछ। करार र दैनिक ज्यालादारीमा कर्मचारी भर्नालाई न्यूनीकरण गरिनेछ।

११. दैनिक प्रशासनिक तथा आर्थिक क्रियाकलापहरुलाई  सेवाग्राहीमैत्री पारदर्शी छिटो छरितो र मितव्ययी बनाउन वडा तह बाट नै योजना सम्झौता र रकम भुक्तानीको लागि फाइल सङ्कलन पश्चात वडा सचिव मार्फत गाउँकार्यपालिका कार्यालयको समन्वयमा भुक्तानी हुने कार्यलाई थप व्यवस्थित र विस्तार गरिनेछ। पालिकास्तरमा हुने सेवा प्रवाहलाई सेवाग्राहीको घरदैलोमा पुऱ्याउनको लागि एकीकृत घुम्ती सेवा मार्फत सेवा प्रवाह गर्ने व्यवस्थाको थालनी गरिनेछ।

१२. करको दर घटाउँदै र करको दायरा विस्तार गरिदै लगिनेछ।आ.व. २०८१/०८२ देखि वहाल विटौरी कर, सम्पत्ती कर, विज्ञापन कर, कवाडी कर जस्ता स्थानीय आय वृद्धिमा योगदान पुऱ्याउने कर लागू गरिनेछ। करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

१३. न्यायिक समितिको सुदृढीकरणमा विषेश जोड दिँदै "न्याय चौतारीको" अवधारणा अनुरुप स्थानीय स्तरमा हुने न्याय सम्पादनलाई सक्षम बनाउने रणनीति अवलम्बन गरिनेछ।

१४. बजार र आयोजना अनुगनमलाई नियमित र चुस्त बनाइनेछ। अनुगमनका क्रममा पाइएका कमी कमजोरीहरुलाई घटाउने र हटाउने नीति अवलम्बन गरिनेछ।

१५. गाउँपालिका क्षेत्रभित्रको राजमार्ग क्षेत्र, धार्मिक र पर्यटकीय स्थल, ऐतिहासिक स्थल लगायतका क्षेत्रहरुमा नगर प्रहरी सहित कर्मचारीको नियमित गस्तिको व्यवस्था मिलाई उक्त क्षेत्रको सरसफाईमा सुधार गर्न र गैर कानूनी गतिविधि हटाउन जोड दिइनेछ।

अन्त्यमा, यस गाउँपालिकाको चालु आर्थिक वर्षका विकास निर्माण, स्वास्थ्य, शिक्षा, कृषि पशु लगायतका क्षेत्रमा लगनशील भई काम गर्ने कर्मचारी एवं सम्पूर्ण जनसमुदायहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउन विभिन्न माध्यमबाट रचनात्मक सुझाव एवं सहयोग गर्नुहुने राजनीतिक दलका प्रतिनिधिज्यूहरु, स्थानीय समाजसेवी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी लगायत इच्छाकामना गाउँपालिकाका सम्पूर्ण जनसमुदाय प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छुायो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सबैको सक्रिय सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

**दान बहादुर गुरुङ्ग**
अध्यक्ष
इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

**इच्छाकामना गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ८ भाग १ संख्याः १ मितिः २०८१/०३/१०

## इच्छाकामना गाउँपालिकाको आर्थिक ऐन २०८१

## इच्छाकामना गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८१

**ईच्छाकामना गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**कुरिनटार, चितवन, बागमति प्रदेश**

**प्रस्तावना**: इच्छाकामना गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ बमोजिम इच्छाकामना गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: यस ऐनको नाम "आर्थिक ऐन २०८१" रहेको छ।
यो ऐन २०८१ साल श्रावण १ गतेदेखि इच्छाकामना गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि-१ बमोजिम सम्पत्ति कर, घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमि कर, मालपोत**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि-२ बमोजिम भूमि कर मालपोत लगाइने र असुल उपर गरिनेछ।

४. **घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारो वार गरेवापत अनुसूचि-५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन कर**: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि-६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि-७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि-८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि-९ मा उल्लेख भए अनुसार हाट बजार, मेलामहोत्सव वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए

वापत अनुसूचि-१० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूचि-११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि-१२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **पर्यटन शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची-१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१७. **करको असुली तथा दण्ड जरिबाना**: यस गाउँपालिकाले निर्धारण गरेको कर तथा गैर कर सोही आर्थिक वर्ष भित्रै वुझाईसक्नु पर्नेछ। उक्त समय भित्र कर नबुझाएमा लाग्ने दण्ड जरिवाना कर तथा गैरकर लगाउने र उठाउने सम्बन्धमा बनेको ऐन, २०८१ बमोजिम लाग्नेछ।

१८. यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

तर, कर उठाउन प्रोत्साहनको लागि कुनै निश्चित समयावधी तोकेर निश्चित प्रतिशत जरिवाना छुट दिन गाउँ कार्यपालिकाले निर्णय गर्न वाधा पर्ने छैन।

## अनुसूची–१
## सम्पत्ति कर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको दरमा सम्पत्ति कर लगाउने छ । जसलाई देहाय बमोजिमको दररेट कायम गरिएको छः

| सम्पत्तिको मूल्यांकन | करको दर (रु) |
|---|---|
| एक रुपैयाँ देखि तीन लाख रुपैयाँ सम्म | २० |
| तिन लाख एक रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म | १०० |
| दश लाख एक रुपैयाँ देखि बिस लाख रुपैयाँ सम्म | २५० |
| बिस लाख एक रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म | ६०० |
| पचास लाख एक रुपैयाँ देखि एक करोड रुपैयाँ सम्म | २,००० |
| एक करोड एक रुपैयाँ देखि एक करोड पचास लाख रुपैयाँ सम्म | ३,००० |
| एक करोड पचास लाख एक रुपैयाँ देखि दुई करोड रुपैयाँ सम्म | ४,००० |
| दुई करोड एक रुपैयाँ देखि दुई करोड पचास लाख रुपैयाँ सम्म | ६,००० |
| दुई करोड पचास लाख एक रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म | ८,००० |
| तीन करोड एक रुपैयाँ देखि तीन करोड पचास लाख रुपैयाँ सम्म | ११,००० |
| तीन करोड पचास लाख एक रुपैयाँ देखि चार करोड रुपैयाँ सम्म | १५,००० |
| चार करोड एक रुपैयाँ देखि चार करोड पचास लाख रुपैयाँ सम्म | १८,००० |
| चार करोड पचास लाख एक रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | २२,००० |
| पाँच करोड एक रुपैयाँ देखि दश करोड रुपैयाँ सम्म | प्रति लाख रु १०० का दरले थप |
| दश करोड एक रुपैयाँ र सो भन्दा माथि | प्रति लाख रु २०० का दरले थप |

## अनुसूचि–२
## भूमिमिकर (मालपोत)

| जग्गाको किसिम | करको दर (रु) |
|---|---|
| कृषि क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | १० |
| आवासीय क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | २० |
| व्यवसायिक क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | ३० |
| औद्योगिक क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | ३० |
| खानी तथा खनिज क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | ५० |
| वन क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | २० |
| नदी, खोला, ताल, सिमसार क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | १० |
| सार्वजनिक उपभोगको क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | २० |
| सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | – |
| अन्य क्षेत्रमा पर्ने जग्गा प्रति कठ्ठा | २० |

## अनुसूचि-३

### बहाल कर

**गाउँपालिका क्षेत्र भित्र देहाय अनुसार बहाल कर लाग्नेछः**

| प्रयोजन | करको दर (रु) |
|---|---|
| कृषि प्रयोजनका लागि प्रयोग हुने घर/जग्गामा | ५ प्रतिशत |
| व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुने घर /जग्गामा | ५ प्रतिशत |
| कृषि बाहेक अन्य (संघसंस्था/आवासीय/व्यवसायिक) प्रयोजनका लागि प्रयोग हुने घर/जग्गा बहाल कर | १० प्रतिशत |

1. घर/जग्गा भाडामा लिई व्यवसाय सञ्चालन गरेकोमा व्यवसाय दर्ता/नविकरण सँगसँगै बहालकर लिइनेछ ।
2. सरकारी कार्यालय वा संघसंस्थाहरुले घर बहाल भुक्तानी गर्दा घर भाडा भुक्तानी गरेकै अबस्थामा घरवहाल कर कटाई गाउँपालिकामा पठाउनु पर्नेछ ।
3. घर तथा जग्गा भाडामा लिई व्यवसाय दर्ता वा नविकरण गर्दा घर/जग्गा धनीसँगको घर/जग्गा सम्झौता पत्र पेश गर्नुपर्नेछ ।

## अनुसूची–४
## व्यवसाय कर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा व्यवसाय कर लगाउने छ । व्यवसायीले आफ्नो व्यवसाय गाउँपालिकामा दर्ता गरी हरेक आर्थिक वर्षमा व्यवसाय कर तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ । व्यवसायको प्रकृतिका आधारमा देहाय बमोजिमको दररेट कायम गरिएको छ ।

| क्र.सं. | व्यवसायको किसिम | वार्षिक कर | | |
|---|---|---|---|---|
| | | क बर्ग | ख बर्ग | ग बर्ग |
| १. | ठूला व्यवसाय तर्फ | ५ करोड भन्दा बढी पूँजी लगानी भएका | ३ करोड देखि ५ करोड सम्म पूँजी लगानी भएका | ३ करोड भन्दा कमपूँजी लगानी भएका |
| १.१ | रिसोर्ट होटल | १,००,००० | ७०,००० | ५०,००० |
| १.२ | उद्योग | ५ करोड भन्दा बढी पूँजी लगानी भएका | ३ करोड देखि ५ करोड सम्म पूँजी लगानी भएका | ३ करोड भन्दा कमपूँजी लगानी भएका |
| १.२.१ | ग्याँस उद्योग | १,००,००० | ८०,००० | ६०,००० |
| १.२.२ | बियर फ्याक्ट्रि | २,००,००० | १,५०,००० | १,००,००० |
| १.२.३ | मिनरल वाटर उद्योग | १०,००० | ८,००० | ६,००० |
| १.२.४ | क्रसर उद्योग | ३,००,००० | २,००,००० | १,५०,००० |
| १.२.५ | क्रसर उद्योग अस्थायी (मासिक) | ४०,००० | ३०,००० | २५,००० |
| १.२.६ | ग्रिल आल्मुनियम स्टील लगायत उद्योग | २०,००० | १०,००० | ५,००० |
| १.२.७ | फर्निचर उद्योग | २०,००० | १०,००० | ५,००० |
| १.२.८ | कंक्रीट उद्योग (रिङ,ब्लक,टायल,पोल आदि) | १५,००० | ८,००० | ५,००० |
| १.२.९ | खाद्यान्न (चिप्स,बेकरी,दालमोठ लगायत) | १५,००० | ८,००० | ४,००० |
| १.२.१० | टायर रिसोलिङ्ग उद्योग | १५,००० | १०,००० | ५,००० |
| २.७.२२.९४२१ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | २६३३२ | १ | ९१.०९ | १२.८८ |
| **२.७.२२** | **स्वास्थ्य सेवा** | | | | **१.२६** |
| २.७.२२.९४२२ | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | २६३३२ | १ | ८.९१ | १.२६ |

| क्र.स. | कार्यक्रम /कार्यक्रम | खर्च शीर्षक | वार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट रु लाखमा |
| **२.७.२५** | **अन्य** | | | | **२.३१** |
| २.७.२५.३६५ | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन खर्च | २६३३२ | ४ | २४.०४ | २.३१ |
| **२.५.७** | **व्यक्ति करार** | | | | **२.३५** |
| २.५.७.३४ | वित्तीय साक्षरता सहजकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन) | २६३३२ | १ | २४.४५ | २.३५ |
| **२.८.१** | **अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च** | | | | **१** |
| २.८.१.१० | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | २६३३२ | १ | २.२८ | १ |
| **२.७.२५** | **अन्य** | | | | **१** |
| २.७.२५.१३१ | श्रमको सम्मान राष्ट्को अभियान सम्बन्धी क्रियाकलाप संचालन | २६३३२ | १ | २.२८ | १ |
| **२.५.३** | **अन्य** | | | | **०.१** |
| २.५.३.७ | रोजगार सहायकको पोशाक भत्ता | २६३३२ | १ | ०.२३ | ०.१ |
| **२.६.५** | **जनचेतना तालीम** | | | | **०.३५** |
| २.६.५.३१ | रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन | २६३३२ | १ | ०.८ | ०.३५ |
| **११.४.२२** | **अन्य सार्वजनिक निर्माण** | | | | **३००** |
| ११.४.२२.१६६३३ | कोट देखि हात्तिवाङ स्तरउन्नती | २६३३४ | १ | १०.१६ | ३०० |
| **२.६.४** | **उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम** | | | | **५** |
| २.६.४.१३ | अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना। | २६३३२ | १ | २९.४१ | ५ |

| क.स. | कार्यक्रम /कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट रु लाखमा |
| **२.६.४** | **उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम** | | | | **१.४** |
| २.६.४.१४ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | २६३३२ | २ | ८.२४ | १.४ |
| **१.१.२** | **अस्थायी कर्मचारी** | | | | **५.२५** |
| १.१.२.२२ | कृषि स्नातक करार | २६३३२ | १ | ३२.३१ | ५.२५ |
| २.७.१८ | पशुपन्छी विकास कार्यक्रम | | | | ५.२५ |
| २.७.१८.२४४ | एक पालिका एक भेटेरिनरी डाक्टर | २६३३२ | १ | ४१.११ | ५.२५ |
| **२.५.७** | **व्यक्ति करार** | | | | **२.४४** |
| २.५.७.४१ | स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २६३३२ | १ | ४९.२९ | २.४४ |
| **२.७.१३** | **शैक्षिक कार्यक्रम** | | | | **११.५** |
| २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २६३३२ | १ | २.१२ | ११.५ |
| **२.७.१६** | **खाद्य तथा पोषण कार्यक्रम** | | | | **१** |
| २.७.१६.१२ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | २६३३२ | १ | ८.८१ | १ |
| **२.७.२२** | **स्वास्थ्य सेवा** | | | | **१९.५७** |
| २.७.२२.१०९०८ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | २६३३२ | ४ | ४५.५ | १९.५७ |
| **२.७.२२** | **स्वास्थ्य सेवा** | | | | **०.८४** |
| २.७.२२.१०७९१ | किशोरकिशोरी स्वास्थ्य सेवा | २६३३२ | १ | १.९५ | ०.८४ |
| **२.५.७** | **व्यक्ति करार** | | | | **२.३५** |

| क्र.स. | कार्यक्रम /कार्यक्रम | खर्च शीर्षक | बार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट रु लाखमा |
| २.५.७.३३ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन ) | २६३३२ | १ | २४.४५ | २.३५ |
| **२.५.३** | **अन्य** | | | | **५** |
| २.५.३.५ | रोजगार सहायकको तलब | २६३३२ | १ | ११.४१ | ५ |
| ४ | **स्वास्थ्य** | | | | **१** |
| **२.७.२२** | **स्वास्थ्य सेवा** | | | | **१** |
| २.७.२२.१२२२९ | डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने, विद्यालय शिक्षा कार्यक्रम, अभियान संचालन गर्ने तथा सरोकारवालाहरूसंग अभिमुखिकरण गर्ने र किटजन्य रोग नियन्त्रण कार्यक्रमको डाटा भेरिफिकेशन | २६३३२ | १ | ८३.३३ | १ |
| १२ | **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** | | | | **१२** |
| **२.७.१५** | **कृषि विकास कार्यक्रम** | | | | **१२** |
| २.७.१५.१०६० | आ.व. २०८१/८२ मा नँया सुन्तलाजात पकेट विकास कार्यक्रम संचालन | २६३३२ | १ | १०० | १२ |
| **ख) चालु खर्च कार्यक्रमको जम्मा:** | | | **२८८** | **२६९९.९९** | **४७५१.१७** |
| **कुल जम्मा खर्च** | | | **२८८** | **२६९९.९९** | **४७५१.१७** |

# गैर सरकारी संस्थाहरुबाट कार्यान्वयन गरिने कार्यक्रमहरु

## helpcode nepal

| क्र.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | Information transmission and material sending (printing/photo developing/camera purchasing/repairing) | १२८,५५९.३५ |
| २ | Coordination meeting to design monitoring and evaluation system and data collection f10r fpuasltea cShAeDs fanrd communication | ९५,०२२.०० |
| ३ | Distribution of stationery support | ६३७,५५०.०० |
| ४ | Sponsored children uniform support | १,७७६,३९२.०० |
| ५ | RC support/school welcome & day celebration/competition | ३३,७५०.०० |
| ६ | Needy children support (sponsored/non sponsored) | ९१,१२४.०० |
| ७ | Parental education in target १ schools each year | ९,०००.०० |
| ८ | ECED facilitator training follow up/ techers training at chitwan १० school | १८९,०००.०० |
| ९ | Toilet sanitation, water purification ans WASH in one schools | १४८,६६०.०० |
| १० | Formation of mother group and meeting at least once in a year in each rural school | ४२,३९०.०० |
| ११ | Coordinaton with RM level authorities/school management communities/head techers and HCN program staff workshop | ४०,५००.०० |
| १२ | Toothbrush/paste/soap/first aod/medicine delivery as per need | ८०,०००.०० |
| | | ३,२७१,९४७.३५ |

## serve now nepal

| क्र.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | वडा नं ७ का बालबालिकाहरूलाई पढाई लेखाइमा सहायता हुने गरी लाईटहाउस सेन्टर सञ्चालन | ३,९४५,६२८.०० |
| २ | निःशुल्क सिलाईकटाई तालिम सञ्चालन | १,१९२,०१७.०० |
| ३ | जाडोको न्यानो कपडा वितरण | १,०८०,०००.०० |
| ४ | ब्ल्याङकेट वितरण | ९००,०००.०० |
| ५ | मच्छेड झुल वितरण | २८८,०००.०० |
| ६ | जनचेतनामूलक कार्यक्रम | ३००,०००.०० |
| ७ | मेडिकल क्याम्प | ८६४,०००.०० |
| | | ८,५६९,६४५.०० |

## namaste kids

| क्र.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | निःशुल्क शैक्षिक सहायता कार्यक्रम | ३२४,०००.०० |
| २ | पारिवारिक स्वास्थ्य तथा सरसफाइ कार्यक्रम | ३२४,०००.०० |

| | | |
|---|---|---|
| ३ | संस्थागत विकास कार्यक्रम | ३२४,०००.०० |
| ४ | अन्य कार्यक्रम | १७३,०००.०० |
| | | १,१४५,०००.०० |

## wine to water

| क.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | भाटेगाउँ खानेपानी तथा सरसफाई योजना | ३,७६०,७५१.८० |
| २ | राजभोग खानेपानी तथा सरसफाई योजना | २,२७३,७४८.१० |
| ३ | फिल्टर वितरण तर्फ | ४,६७५,०००.०० |
| | | १०,७०९,४९९.९० |

## sahamati

| क.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | वन समुहको कार्ययोजना कार्यान्वयन गर्नका लागि सहयोग | २००,०००।०० |
| २ | वन समुहलाई जलाधार क्षेत्रमा ज्ञान आदनप्रदान तथा सिकाई भ्रमण (संयुक्त) | ११०,०००।०० |
| ३ | स्थानीय प्रजातीका डाले घाँस सहयोग | ५०,०००।०० |
| ४ | किसानहरुलाई पानीमैत्री प्रविधि सहयोग | २००,०००।०० |
| ५ | जिविकोपार्जन सम्बन्धी तालिम र सहयोग | ७००,०००।०० |
| ६ | व्यवसायिक अध्ययन तथा तालिम सहयोग | १००,०००।०० |
| ७ | सामुदायिक वन उपभोक्ता समुहहरुलाई सुशासन, नेतृत्व, निर्णय, वित्तीय व्यवस्थापनमा ज्ञान र सीप वृद्धी गनर, आन्तरिक सुशासन संरचना र प्रक्रियाहरुलाई सुदृढ गर्न क्षमता निर्माण सम्बन्धि गोष्ठी | १५०,०००।०० |
| ८ | सामुदायिक वन उपभोक्ता समुहहरुलाई वन व्यवस्थापन र जैविक विविधता संरक्षण सम्वन्धी क्षमता विकास तालिम | ५०,०००।०० |
| ९ | वृक्षारोपण | ५०,०००।०० |
| १० | वृक्षारोपण क्षेत्रको लागि संरक्षण (घेरवार) | २००,०००।०० |
| ११ | वृक्षारोपण क्षेत्रमा सामुदायिक वन उपभोक्ता समितिको अनुगमनमा वन हेरालु परिचालन गर्न सहयोग | ३५,०००।०० |
| १२ | सामुदायिक वन क्षेत्रमा मिचाहा प्रजातिका बोट विरुवा हटाउन सहयोग | १००,०००।०० |
| १३ | स्थानीय र राष्ट्रिय बजारमा किसानहरुसँग अन्तरक्रिया, गोष्ठी तथा भ्रमण । | ८०,०००।०० |
| १४ | हरित बेल्ट विकासको लागि खोला किनारमा घाँस प्रजातिको वृक्षारोपण | ५०,०००।०० |
| १५ | वकालत योजनाको कार्यान्वयन | ५००,०००।०० |
| १६ | क्रियाकलाप क्षेत्रमा सामुदायिक वन उपभोक्ता समितिको अनुगमनमा हेरालु परिचालन गर्न सहयोग | ४०,०००।०० |
| १७ | स्थानीय सरकार, खानेपानी उपभोक्ता समूह, DFO, SWMO, PTCMCDB, एकेडेमिया, BZ, CNP र DCC) को नियमित अन्तरक्रिया गोष्ठी (संयुक्त) | ८०,०००।०० |
| १८ | महिला, युवा र आदिवासी जनजातिहरुको नेतृत्व क्षमता अभिवृद्धी गर्न नेतृत्व विकास गोष्ठी (संयुक्त) | **५०,०००।००** |
| १९ | आफ्नो संस्कृति, पहिचान र आवाजलाई अगाडि बढाउन आदिवासी जनजातिहरुका सङ्गठनको संस्थागत क्षमता अभिवृद्धी गोष्ठी (संयुक्त) | ५०,०००।०० |

| | | |
|---|---|---|
| २० | आफ्ना अनुभवहरु, परम्परागत ज्ञान र प्रकृतिमा आधारित समाधानहरुसँग सम्बधित नवीन विचारहरुमा छलफल गोष्ठी (संयुक्त) | ५०,०००।०० |
| २१ | सान्दर्भिक सरोकारवालाहरु स्थानीय सरकार, DCC, DFO, PCTMCDB, SWMO, BZMC, Barandabhar PF काउनसिल, CNP र एकेडेमिया ज्ञान र सीपहरु अभिवृद्धी गर्न प्रकृतिमा आधारित समाधान NbS) मा छलफल गोष्ठी (संयुक्त) | ९०,०००।०० |
| २२ | पोखरी निर्माण | ६००,०००।०० |
| | जम्मा खर्च क्रियाकलाप बजेट (अनुमानित) | ३,५३५,०००।०० |
| | प्रशासनिक व्यवस्थापन बजेट (अनुमानित) | ५००,०००।०० |
| | पालिका अन्तर्गत प्रस्तावित जम्मा बजेट (अनुमानित) | ४,०३५,०००।०० |

## महिला समूह समन्वय समिति

| क.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | कृषि पाठशाला, बेसार खेती प्रवर्द्धन, सहकारी क्षमता विकास र बजारीकरण (इ.गा.पा. ६) | ३२,००,०००.०० |

## creasion

| क.सं | योजना/कार्यक्रम | बजेट |
|---|---|---|
| १ | बालबालिका प्रभाव कोष | १०९,०००.०० |
| २ | वेष्ट स्मार्ट क्लब सामग्रीहरू | ४१,०००.०० |
| ३ | वेष्ट पुराधार विकास | ७२,६००.०० |
| ४ | सूचनापाटी जडान | २१,९१२.०० |
| ५ | स्मार्ट डस्टविन | २६,४००.०० |
| ६ | ई-पुस्तकालय स्थापना | ९९,०००.०० |
| ७ | उद्घाटन तथा हस्तान्तरण समारोह | ४६,२००.०० |
| ८ | क्लब स्थापना समारोह | १३,२००.०० |
| ९ | VFC Cohort Project and River | १००,०००.०० |
| १० | Training to VFC Cohort | ३०,०००.०० |
| ११ | Training Majhi and thers Vulnerable Communities | ५०,०००.०० |
| १२ | Distribution of Goods and Fishing Nets | २५,०००.०० |
| | | **२०५,०००.००** |
| | | |
| | | |

# स्थानीय राजपत्र

इच्छाकामना गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ भाग १ संख्याः ३ मितिः २०८१/०३/१०


# कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा बनेको ऐन २०८१

**ईच्छाकामना गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**कुरिनटार, चितवन, बागमति प्रदेश**

# कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा बनेको विधेयक, २०८१

**प्रस्तावनाः** इच्छाकामना गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकामा राजस्व लगाउने तथा उठाउने सम्वन्धमा ऐन व्यवस्था गर्न वान्छनीय भएकोले इच्छाकामना गाउँपालिकाको सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ।

## परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम इच्छाकामना गाउँपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन,२०८१ रहेको छ।

२) यो ऐन इच्छाकामना गाउँपालिका भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानुनमाः**

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल ऐन बमोजिम स्थापना भएको कम्पनीसम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल ऐन बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ।

(ख) "कर" भन्नाले परिच्छेद-४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ।

(ग) "कर अधिकृत" भन्नाले ऐनको दफा ६ बमोजिम नियुक्ति गरिएको अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "राजस्व उपशाखा" भन्नाले इच्छाकामना गाउँपालिकामा कर तथा गैर कर राजस्व सम्बन्धी काम,कारवाही इच्छाकामना गाउँपालिका अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ।

(ङ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ।

(च) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शव्दले पुनःनिर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जानाउँछ।

(छ) "गैरकर राजश्व" भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ।

(ज) "परिवार"भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुटिए वानछुट्टिएका नाबालिग सन्तान सम्झनुपर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय कर संचलान ऐन २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ट) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।

(ठ) "सभा" भन्नाले इच्छाकामना गाउँपालिकाको सभा सम्झनु पर्छ।

(ड) "गाउँपालिका" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने इच्छाकामना गाउँपालिका सम्झनु पर्छ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. व्याख्याः यो कानुनमा परिभाषा गरिएका शव्दावलीको सोहि अनुसार र अरुमा प्रचलित ऐन कानून व्याख्या सम्बन्धी ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ।

**परिच्छेद–२**

**राजस्व सम्बन्धी सामान्य सिद्धान्त**

**४. कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्तः**

(१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ।

(क) कर तिर्न सक्ने क्षमताका आधारमा।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरि।

(ग) सरल,पारदर्शी र मितव्ययी हुने गरेर।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट।

(ङ) स्वेच्छिक रुपमा कर तिर्नप्रेरित हुने वातावरण सृजना गरेर।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी स्पष्ट गरेर।

(छ) पश्चातदर्शी असर नपर्ने गरेर।

(२) गैरकर राजस्व लगाउँदा उपलब्ध गराईनेसेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लागाईने र उठाईनेछ।

**परिच्छेद –३**

**कर प्रशासन सम्बन्धी व्यवस्था**

**५. कर प्रशासन :**

(१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्रभित्रको कर तथा गैरकर प्रशासन इच्छाकामना गाउँपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिकामा राजस्व उपशाखा रहनेछ।

**६. कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) प्रमुख प्रशासकीय अधिकृतले कर अधिकृतको रुपमा कार्य गर्नेछ। प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा कम्तिमा अधिकृत स्तरको कर्मचारीलाई कर अधिकृत तोक्न सक्नेछ।

(२) राजस्व उपशाखा गाउँपालिकाले प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढि तहका कर अधिकृत,करसहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ।

**७. कर अधिकृतको काम,कर्तव्य र अधिकार यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(क) करदाता दर्ता गर्ने।

(ख) करदाताबाट बिवरण प्राप्त गर्ने।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने।

(घ) कर संकलन गर्ने।

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानुन र कर प्रशासनको क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा इच्छाकामना गाउँपालिकालाई सुझाव दिने ।

(झ) कर सम्वन्धी अभिलेख दुरुस्त राख्न लगाउने ।

(ञ) कर सम्बन्धी अन्य काम गर्ने ।

८. **अधिकार प्रत्यायोजनः**

(१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफुमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रयोगका लागि अन्य कर्मचारीलाई समेत काममा लगाउन सकिने छ ।

(३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा गाउँपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोहि बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजीत अधिकार र जिम्मेवारी :**

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रहि प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद –४

## कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ती करः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सम्पति कर लगाउने भनी तोकेको घर र घरले चर्चेको जग्गामा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएअनुसार सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएका दफा १४ बमोजिम भुमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) घरको बनोट (कच्ची वा पक्की) ।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भएपक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँग दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्याङ्कन गर्दा अनुसुचि-१बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तीमा सात प्रतिशत मर्मतसंभार खर्च कट्टी गर्न दिईनेछ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(७) सम्पति मुल्यांकन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मुल्यांङनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ।

(८) सम्पति मुल्यांकन समितिले बैठकको कार्यविधि आफैंनिर्धारण गर्न सक्नेछ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सोसम्पत्तिसोही व्यक्तिको नाममा।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमास्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक।

(१०) करदाताले प्रत्येक बर्ष स्वयं कर निर्धारण गरी आश्विन (असोज) मसान्त भित्र गाउँपालिकामा विवरण पेश गर्नुपर्नेछ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र राजस्व उपशाखामा दाखिला गर्नु पर्नेछ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ।

११. घर बहाल कर :(१)गाउँपालिकाले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा गाउँपालिकाको आर्थिक ऐनले तोकेको आधारमा घर बहाल कर लगाई असुल उपर गर्नेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा सरंचना सम्झनु पर्छ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ। कम्पनी वा संस्था मार्फत घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ।

(३) घर बहालमा दिँदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र राजस्व उपशाखामा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनि, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट राजस्व उपशाखामा घर बहाल कर बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कट्टी भएको महिना पछिको महिनाको ५ गते भित्र दाखिला गर्नु पर्नेछ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्युनतम मासिक घर बहाल रकम निर्धारण गरी लागू नगरेसम्म स्वयं घोषणाको आधारमा गर्न सक्नेछ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(८) घर वहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्रिवन मसान्त भित्र पेश गर्न पर्नेछ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ।

(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ।

(११) गाउँपालिका क्षेत्र भित्र कुनै जग्गावालाले आफ्नो जग्गा जुनसुकै प्रयोजनको लागि कोही कसैलाई भाडामा दिएमा त्यस्तो भाडामा दिने र लिने बिच भएको जग्गाबहाल सम्झौताको आधारमा मूल्याङ्कन कायम गरी गाउँपालिकाको गाउँसभाले निर्णय गरे बमोजिमको हकमा सम्बन्धित जग्गावाला बाट जग्गा बहाल कर असुल उपर गर्नेछ।

१२. सवारी साधन करः गाउँपालिकाले सवारी साधन कर लगाउन सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शाक्तिबाट सडकमा चल्ने चार पांग्रे, तीनपांग्रे वा दुई पांग्रे सवारी साधन सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधन प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ।

(३) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ।

(४) अन्तर सरकारी वित्त व्यवास्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझाउनु पर्नेछ।

(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधन धनीले यस दफा बमोजिमको कर दाखिला गर्नु पर्नेछ।

१३. भुमिकर (मालपोत)ः (१) गाउँपालिकाले भुमिकर (मालपोत) लगाई उठाउन सक्नेछ।

(२) यस ऐन बमोजिम सम्पति कर लाग्ने घर र घरले चर्चेको जग्गा बाहेकको अन्य जग्गामा भुमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भुमिकर (मालपोत) तिर्न पर्नेछ।

(३) नेपाल सरकार,प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भुमिकर (मालपोत) लाग्ने छैन।

(४) प्राकृतिक प्रकोपको अवस्था वा गम्भीर परिस्थितिमा गाउँपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना गाउँ सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भुमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ।

(७) भूमिकर (मालपोत) प्रयेक वर्ष आश्विन महिनाभित्र राजस्व उपशाखा वा सम्बन्धित वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली गाउँपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ। सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन।

१४. **मनोरन्जन कर:**

(१) स्थानीय सरकारले चलचित्र घर ,भिडियो घर , सांस्कुतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा मनोरन्जन कर अन्तर सरकारी वित्त व्यबस्थापन ऐन २०७४ र प्रदेश आर्थिक ऐन बमोजिम संकलन गरिनेछ।

१५. **विज्ञापन कर:**

(१) गाउँपालिकाले सूचनापाटी (होर्डिग बोर्ड) मा विज्ञापन कर लगाई असूल गर्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यबस्थापन ऐन ,२०७४ बमोजिम स्थानीय विभाज्य कोष खातामा जम्मा गरि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम बाँडफाड गर्नु पर्नेछ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिने छ।

(४) विज्ञापन कर सम्वन्धि अन्य आवश्यक कुरा विज्ञापन कर सम्वन्धि कार्यविधि वा निर्देशिका बमोजिम हुनेछ।

(५) विज्ञापन कर प्रत्येक वर्षको आश्विन मसान्त भित्र बुझ्नु पर्नेछ।

१६. **व्यवसाय कर:**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ।

(२) व्यवसाय कर सम्वन्धि अन्य कुरा व्यवसाय कर सम्वन्धि गाउँपालिकाबाट बन्ने कार्यविधि वा निर्देशिका बमोजिम हुनेछ।

(३) व्यवसाय कर प्रत्येक बर्षको आश्विन मसान्त भित्र बुझ्नु पर्नेछ।

## परिच्छेद -५

## करदाता दर्ता सम्वन्धी व्यवस्था

१७. **करदाताको पहिचान तथा दर्ता:**

(१) व्यवसाय संचालन गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नुपर्ने छ।

(२) राजस्व उपशाखाले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र राजस्व उपशाखालाई कुनै स्रोतवाट प्राप्त सूचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) राजस्व उपशाखा ले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्ने छ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्वन्धि कारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ।

**१८. करदाताको दायित्वः**

यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिम दायित्व हुनेछ :

(क) आफुलाई करदाताको रुपमा दर्ता गराउने।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउने पर्ने भए समयमा उपलब्ध गराउने।

(ङ) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलव्ध गराउने।

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक उपलव्ध गराउने।

(छ) राजस्व उपशाखालाई आवश्यक सहयोग गर्ने।

**१९. करदाताको अधिकारः**

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार।

(ख) प्रचलित ऐन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार।

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्ति गर्ने अधिकार।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेखित भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ।

**२०. करदाताको प्रतिनिधित्व :**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजले व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागी उमेर पुगेको भन्नाले अठार बर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ।

**परिच्छेद-६**

**विवरण दाखिला सम्वन्धि व्यवस्था :**

२१. **विवरण दाखिला गर्न आदेश दिन सक्ने:**

(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोलि कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्ति आदेश प्राप्त भएको मितिले एक महिना भित्र विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ।

२२. **विवरण सच्याउन सकिने:**

यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भई सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ ,तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

**परिच्छेद -७**

**कर दाखिला सम्वन्धी व्यवस्था**

२३. **कर दाखिला गर्नुपर्ने:** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोहि समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको भित्र राजस्व उपशाखामा दाखिला गर्नु पर्नेछ।

२४. **कर दाखिला निस्सा दिनु पर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

२५. **कर फिर्ता सम्बन्धी व्यवस्था :**

(१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर बुझाएकोमा निवेदन परेकोमा कर अधिकृत व्यवहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महीना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

२६. **कर समायोजन सम्वन्धी व्यवस्था:**

(१) करदाताले दफा २६ वमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२)उपदफा (१) वमोजिमको समायोजन गर्न आदेश दिनु पर्नेछ।

**परिच्छेद -९**

**कर परिक्षण र कर निर्धारण :**

२७. **कर परिक्षण र कर निर्धारण:**

(१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै

काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात वा विवरण संलग्न गरेको देखिएमा।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा।

(घ) लगानीका आधारमा करको दायित्व कम देखाएकोमा।

(ङ) करको दर फरक पारेकोमा।

(च) कानुन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकामा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकेको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा ऐन बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वंय कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार बर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

२८. **कर निर्धारणको सूचनाः**

(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर राजस्व उपशाखामा बुझाउनु पर्नेछ।

## परिच्छेद -१०

**कर संकलन सम्बन्धी व्यवस्था :**

२९. **कर संकलन सम्बन्धी व्यवस्था :**

(१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असुर गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर।

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।
(घ) बैक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।
(ङ) करदाताको कारोवार रोक्का गरेर ।
(च) करदाताको चल तथा अचल सम्पत्ति माथिदावी वा कब्जा गरेर ।
(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही सुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझ्काउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३०. **किस्तावन्दीमा कर असुली** : कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझ्काए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन ।

## परिच्छेद –११

### जरिवाना शुल्क र व्याज

३१. **जरिवाना लाग्ने** : यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३२. **व्याज लाग्ने** : यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझ्काउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

३३. **अभिलेख नराखेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु १,०००।- शुल्क लाग्नेछ ।

३४. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने**: यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा तोकिए बमोजिम जरिवाना लाग्नेछ ।

३५. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को शत् प्रतिशत जरिवाना शुल्क लाग्नेछ ।

३६. **सयममा कर तथा गैर कर नबुझ्काएमा लाग्ने जरिवाना**:

ज्ञ) मासिक रुपमा उठाउने कर तथा शुल्कमा सोही महिना भित्र नबुझ्काएमा अर्को महिनामा कर तथा शुल्क बराबरको रकममा ५०% जरिवाना लाग्ने छ र सो भन्दा पछिल्लो महिनामा समेत कर तथा शुल्क र जरिवाना समेत नबुझ्काएमा सेवा रोक्का गरिने छ। बाँकी रकम सरकारी बाँकी सरह असुल

उपर गरिनेछ।

ङ) तिर्नुपर्ने शुल्क नतिरी प्रवेश शुल्क लाग्ने स्थानमा प्रवेश गरेमा दोब्बर शुल्क लाग्नेछ।

घ) वार्षिक रुपमा बुझाउनुपर्ने कर नबुझाएमा त्यसपछिको प्रथम वर्ष २०%जरिवाना र त्यसपछिको प्रत्येक वर्षमा थप ३५%का दरले जरिवाना लाग्नेछ।

तर आ.व.२०७३/७४ देखि आ.व. ०८०/०८१ सम्म जरिवानामा २०८१ आश्विन मसान्तसम्म कर बुझाएमा जरिवानामा ८०% छुट दिइने छ।

## परिच्छेद १२

### पूर्वादेश र प्रशासकीय पुनरावलोकन

**३७. पूर्वादेश माग गर्न सक्ने:**

(१) कुनै करदाताले यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदाफा (१) बमोजिमको निवेदनदिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ।

(३) उपदाफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदाफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभए सम्म कायम रहने छ।

**३८. प्रशासकीय पुनरावलोकन हुन सक्ने:**

यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधन करनिर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्यदस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय।

**३९. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :**

(१) यस ऐन बमोजिमको कर निर्धारण निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदाफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ।

## परिच्छेद –१३

### पुनरावेदन

**४०. उजुरी नलाग्ने** : यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

**४१. पुनरावेदन दिन सक्ने :**

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा

कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद – १४

### गैरकर राजश्व

४२. **सेवा शुल्क तथा दस्तुर** :गाउँपालिकाले संविधानको अनुसूची-८ बमोजिमका क्षेत्र र विषयमा उपलब्ध सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

४३. **पर्यटन शुल्क** :

(१) गाउँपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।पर्यटकीय क्षेत्रमा उपलब्ध सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ऐतिहासिक तथा पुरातात्विक क्षेत्रमा यो ऐन लागू हुनु पूर्व पर्यटक प्रवेश सेवा शुल्क लिई आएको रहेछ भने सो लाई निरन्तर रुपमा गाउँसभाबाट तोकिएको शुल्कको आधारमा उठाउन वा आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्न सक्नेछ।

(३) गाउँपालिका क्षेत्र भित्रको कुनै पनि पर्यटकीय स्थलमा गाउँपालिकाले उपलब्ध गराउने सेवाको आधारमा गाउँपालिकाले निर्णय गरी तोकिए वमोजिमको पर्यटक सेवा शुल्क उठाउन सक्नेछ।

४४. **सवारीसाधन पार्किङ्ग शुल्क** :

गाउँपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्नेछ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ्ग शुल्क उठाउन सक्ने छैन।

४५. **बहाल विटौरी शुल्क** : गाउँपालिकाले सार्वजनिक, गाउँपालिकाको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

४६. **जडीबुटी, कवाडी र जीवजन्तु शुल्क** : गाउँपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ।

४७. **अन्य शुल्क लगााउन सक्ने** :

(१) गाउँपालिकाले अनुसूची २ मा उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) गाउँपालिकाले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको विवरण गाउँपालिकाले त्यस्तो निर्णय भएको मितिले सात कार्यदिन भित्र गाउँसभाको बैठक चलेको समयमा सभामा र

त्यस्तो बैठक नचलेको समयमा त्यस पछी बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

**४८. छुट वा मिनाहा :**

(१) गाउँपालिकाले खास अवस्थामा र विशेष परिस्थितीमा यस ऐन बमोजिम लाग्ने वा लागेको गैर कर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिदाँ समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा गाउँपालिकाले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

## परिच्छेद – १५

**समन्वय सम्बन्धी व्यवस्था**

**४९. नेपाल सरकारसँग समन्वय :**

(१) गाउँपालिकाले संघीय कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्नेकर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणली अपनाउन गाउँपालिका वा गाउँपालिकाले तोकेको सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५०. केन्द्रीय बैंकसँग समन्वय** : गाउँपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक ( नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

**५१. अन्य निकाय, कार्यालय र संस्थासँग समन्वयः** गाउँपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगत सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ।

## परिच्छिेद –१६

**राजश्व प्रस्ताव तर्जुमा तथा सुचना सम्बन्धी व्यवस्था**

**५२. राजश्व सम्बन्धी नया प्रस्तावः**गाउँपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नु पर्नेछ।

**५३. सूचना सार्वजनिक गर्नुपर्ने :**

(१) यस कानुन बमोजिम गाउँपालिकाले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई गाउँपालिकाको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणलीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छिेद –१७

## विविध

**५४. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विद्युतीय माध्यम ( अनलाइन) बाट करदातालाई सुचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने कर वा त्यस्तो रकमबुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाहि गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५५. ठेक्कामा लगाउन नपाईने**ः गाउँपालिकाले आफुले असुल गर्नु पर्ने कुनै गैरकर बाहेकका कर वा राजस्व ठेक्का लगाई उठाउन पाईने छैन । गैर करका लागी आवश्यकता अनुसार उपयुक्त विधी र प्रकृया अपनाई बन्दोवस्त गरी आयश्रोत व्यवस्थापन गर्न सक्नेछ ।

**५६. अनुसुचिमा हेरफेर**ःगाउँकार्यपालिकाले यस ऐनको अनूसूचिमा आवश्यक हरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**५७. कागजातको ढाँचा**

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण,ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा गाउँपालिकाले आदेश वा सुचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधरणको जानकरीको लागि गाउँ कार्यपालिकाको कार्यालय र वडाको सूचना पाटी, वेभसाईट र स्थानीय पत्र पत्रीकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ ।

**५८. सूचना तामेली रीत पुगेको मानिनेः**

(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद,सुचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको ।

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्रर गरी पठाएको ।

(२) करको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको कम्प्युटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

**५९. कागजातको अभिलेख राख्ने**ः

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम इच्छाकामना गाउँपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्र्याई गर्ने सूचना तथा कागजात।

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्टयाई गर्ने कागजात ।

**६०. अदालतलाई भए सरहको अधिकार हुने**ःयस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने,बयानगराउने,प्रमाण बुझ्ने र लिखितहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिमको अधिकार हुनेछ ।

**६१. आदेश वा निर्देशन दिन सक्ने**ः संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी ऐन र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।

**६२. कर अधिकृतको परिचय**ः कर अधिकृत र राजस्व उपशाखा मा काम गर्ने प्रत्येक अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राखने ,काम गर्ने समयमा लगाउने र कर्तव्य पालनको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६३. विभागीय कारवाही र सजाय हुने**ः

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारी कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने,करको दायित्व घटीबढी गर्ने, सामान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने ,कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाहीगर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको

लागि अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कार्यकारी अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन सक्नेछ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ।

(६) उपदफा (३) बमोजिम छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राखने अवधि तीन महिना भन्दा बढी हुने छैन।

**६४. पुरष्कृत गर्न सक्नेः**

(१) इच्छाकामना गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानुनले तोकेको म्याद भित्र कर विवरण बुझाउने,लागेको कर दाखीला गर्ने र कर अनधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था इच्छाकामना गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**६५. म्याद, हदम्याद नजानेः**

यस ऐनमा अन्यत्र जुनसूकै कुरा लेखिएको भए पनि ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

**६६. निर्देशिका वा दिग्दर्शन (म्यानुयल) बनाउने अधिकारः** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्ने गाउँपालिकाले आवश्यक निर्देशिका वा दिग्दर्शन वनाउन सक्नेछ।

**अनुसूची–१**

**(दफा १० उपदफा (४) को (घ) संग सम्बन्धित )**

**ह्रासकट्टी गर्ने तरीका**

यस ऐन वमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीका (युनिफर्म चार्ज मेथड ) को फिक्सड इन्सटालमेण्ड मेथड अनुसार हुनेछ। यसको गणना देहाय वमोजिम गर्नु पर्नेछ।

सुत्रः

ह्रासकट्टी रकम = सम्पत्तिको प्रारम्भिक मूल्य - अनुमानित शेष मुल्य

सम्पत्तिको आयू (वर्ष)

उदाहरण :

कुनै सम्पत्तिको मूल्य शुरुमा रु.१००००००।( छ। यसको आयू २० वर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु. २०००००। - आउंछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ।

ह्रासकट्टी रकम =१००००००-२०००००

२०

=८०००००

२०

. =४००००। -

(प्रतिवर्ष रु. ४००००। - ह्रासकट्टी खर्च घटाउन पाइन्छ।)

**अनुसूचि** (२)

**(दफा ५० को उपदफा** (१) **संग सम्बन्धित)**

**गाउँपालिकाले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र**

१. खानेपानी, धारा र पोखरी

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन

५. शौचालय, स्नान गृह

६. सार्वजनिक पार्क

७. हाटबजार

८. पशु बधशाला

९. अतिथि गृह र छात्रवास

१०. अचल सम्पति मुल्यांकन शुल्क

११. मर्मत सुधार (आफुले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

१२. पर्यटकीय क्षेत्र